समृद्धिमा गुणात्मक आशा जगाएको प्रधानमन्त्रीको भनाई | पृष्ठ ५ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

वर्ष २५ • अंक ३१८ • २०८१ साल बैशाख ४ गते मंगलबार (16 April, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### मधेश प्रदेश सभाको बैठक आज, जनमतले अवरोध गर्ने

# मुख्यमन्त्री यादवले चौथो पटक विश्वासको मत लिने, बहुमत पुग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । देशभरि नै प्रदेशमा उथलपुथल भइरहेको बेला मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मंगलवार चौथो पटक विश्वासको मत लिन लागेका छन् ।

संघीय गठबन्धनमा फेरबदल भएसँगै नेपाली कांग्रेसले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । प्रमुख समर्थक दलले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले चौंथो पटक विश्वासको मत लिन लागेका छन् । सत्ता गठबन्धनमा रहेका जनता समाजवादी पार्टी(जसपा), नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एस रहेका छन् । गठबन्धन बाहिरबाट लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले पनि सरकारलाई समर्थन गरिरहेको छ । मधेश प्रदेशमा लोसपाबाट रमेश प्रसाद कुर्मी वन मन्त्री छन् ।

प्रदेश सभा सचिवालयका अनुसार प्रदेश सभामा हाल नेकपा एमालेको २५ , जसपाको १९, लोसपाको ९, माओवादीको ९ र नेकपा एसको ७ जना सभासद रहेका छन् । त्यसैगरि नेपाली कांग्रेसको २२, जनमत पार्टीको १३, नेपाल संघीय समाजवादी पार्टीको १, नागरिक उन्मुक्ति पार्टी (नाउपा)को १ र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) १ रहेका छन् ।

मधेश प्रदेशमा कुल १ सय ७ सभासद रहेका छन् । त्यस मध्ये लोसपा संसदीय दलका नेता अभिराम शर्मा अदालतको फरार सूचीमा रहेका छन् ।

मुख्यमन्त्री यादवलाई बहुमतका लागि कम्तीमा ५४ जना सभासदको समर्थन चाहिन्छ । एमालेका सभामुख बाहेक २४, जसपाका १९, लोसपाका ८, माओवादीका ९ र एसको ७ गरी ६७ जना सभासदको समर्थन निश्चित नै देखिएको छ । राप्रपा, नाउपा र संघीय समाजवादीको १/१ पनि मुख्यमन्त्रीको पक्षमा मतदान गर्ने संभावना रहेको छ ।



विपक्षमा कांग्रेसको २२, जनमतको १३ जनागरि ३५ जना हुने पक्का नै छ । कांग्रेस र जनमत पार्टीले सरकारलाई दिएको समर्थन गत वर्ष नै फिर्ता लिइसकेका छन् ।

जनमत पार्टीले सप्तरी जिल्लाको मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यास प्रकरणमा भएको घटनाको संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै प्रदेश सभाको बैठक यस अघि अवरुद्ध गरेका थिए । विश्वासको मत लिन मुख्यमन्त्रीले डाक्न लगाएको प्रदेश सभाको बैठक मंगलवार १ बजे बस्ने भनिएको छ । तर त्यस अघि मुख्यमन्त्री यादवले बिहान ८ बजे जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादव लगायतसित छलफल गर्ने कार्यक्रम रहेको उच्चस्रोतले जनाएका छन् ।

प्रदेश सभा परामर्श समितिको सोमवार भएको बैठकमा प्रदेश सभालाई विजनेश दिन मुख्यमन्त्रीलाई आग्रह गर्नेमा कांग्रेसले जोड दिएको थियो । कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले प्रदेश सभाको बैठक नियमित सञ्चालन नगर्नु मुख्यमन्त्रीको कमजोरी रहेको बताए । स्रोतका अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिने बैठकमा पनि जनमतले अवरोध गर्ने तयारी गरेको छ । मुख्यमन्त्री यादवसित बिहानको बैठकमा सहमति नभए अबरोध गर्ने संकेत जनमतले दिएको स्रोतले जनाएका छन् । तर मुख्यमन्त्री यादवले विश्वासको मत लिने बैठकमा अबरोध गर्न नमिल्ने बताएका छन् ।'सरकारको विधेयक, नीति लगायतका विषयमा विरोध गर्ने लोकतान्त्रिक अभ्यास नै हो' उनले भने-'तर विश्वासको मतमा अवरोध गरेर बैठक अवरुद्ध गर्न मिल्दैन् ।'

बैठक चलाउने जिम्मेवारी सभामुखको रहेकाले सहमति हुनेमा मुख्यमन्त्री यादव विश्वस्त रहेको देखिन्छ । लामो समयदेखि प्रदेश सभाको बैठक बसेको छैन् । सभामुख रामचन्द्र मण्डलले आफूखुशी बोलाएको बैठकमा जनमत पार्टीले अवरोध गरेदेखि फेरि बैठक डाकिएको थिएन् । विश्वासको मत लिने एक मात्र एजेण्डाका लागि प्रदेश सभाको बैठक डाकिएको छ ।

देशको अन्य ६ वटा प्रदेश समस्याग्रस्त छन् । सुदूरपश्चिम प्रदेशमा नाउपाकै दुई जना सभासदले मुख्यमन्त्रीमा दाबी पेश गरेपछि प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेका छैनन् । कोशी प्रदेशमा मुख्यमन्त्री केदार कार्कीलाई विश्वासको मत लिन एमाले र माओवादीले संयुक्त रुपमा प्रदेश सभामा संकल्प प्रस्ताव दर्ता गराएका छन् । बागमती प्रदेशमा मन्त्रालयहरु फुटाएर संख्या थपिएको छ ।कर्णाली र लुम्बिनीको स्थिति पनि जटिल नै छ । संघीय सत्ता गठबन्धनमा खटपट सुरु भएको प्रभाव सबै प्रदेशमा देखिएको छ ।

यता, जनता समाजवादी पार्टीको आइतबार बसेको बैठकले मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने निर्णय गरेको छ । तर, जसपा सभासदहरुले भने योजना बाँडफाँटमा मुख्यमन्त्री यादव संग असन्तुष्ट देखिएका छन् ।

शिक्षक आवश्यकता

मधेश प्रदेशमै ख्याती प्राप्त धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपलिका, महेन्द्रनगरमा संचालित सिस्टमेटिक ईंगलिस बोर्डिङ्ग स्कूलमा तपसिल बमोजिमको शिक्षक आवश्यकता भएकोले ईच्छुक तथा योग्य उम्मेदवारहरुले ७ दिन भित्र वायोडाटा सहित संम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिल

| क्र. स. | विषय | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | नेपाली (मावि) | १ (एक) | नेपाली विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ । |
| २ | अँग्रेजी (मावि) | १ (एक) | अँग्रेजी विषयमा स्नातक उतिर्ण तथा स्नातकोत्तरलाई विशेष प्राथमिकता दिइने छ । |
| ३ | नेपाली (प्रावि) | ३ (तिन) | नेपाली विषयमा +२ उतिर्ण |
| ४ | अँग्रेजी (प्रावि) | ४ (एक) | अँग्रेजी विषयमा +२ उतिर्ण |

सम्पर्क नम्बर : ९८०९६३५४९१

*Under the Management of J.E.F Pvt. Ltd*

SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01 (Province-02)
*Play Group to Class XII*

नववर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४२ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४३ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक आमा शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई ध्यानमा राखि विगतको वर्ष झैं यस शैक्षिक सत्र २०८१ मा पनि छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८१ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म नयाँ भर्ना लिइनेछ । (नोटः कक्षा ९ मा केही सिट मात्र)
२. नर्सरी देखि कक्षा ५ सम्म मौखिक परीक्षा तथा कक्षा ६ देखि कक्षा ९ सम्म लिखित तथा मौखिक परीक्षा लिइनेछ ।
३. नयाँ भर्नाको लागि फारम वितरण :- वि.स. २०८० चैत्र २५ गते आइतवारबाट
४. नयाँ भर्नाको लागि प्रवेश-परीक्षा :- वि.सं. २०८१ बैशाख ०४ गते मंगलवार
५. प्रवेश-परीक्षाको समय :- बिहान १०:०० बजे देखि ०१:०० बजे सम्म
६. प्रवेश-परीक्षामा तयारी गर्नुपर्ने विषयहरु :- अङ्ग्रेजी, नेपाली, गणित र विज्ञान
७. प्रवेश-परीक्षाको नतिजा प्रकाशन :- २०८१ बैशाख ०४ गते बेलुका ५ बजे
८. शैक्षिक सत्र २०८१ को कक्षा प्रारम्भ :- २०८१ बैशाख ०६ गते विहीवार देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/ ९८०४८९०१८१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

प्राचार्य

सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम–१
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

हार्दिक शुभकामना

HAPPY NEW YEAR
२०८१

नव वर्ष २०८१ सालको सुखद अवसरमा सम्पूर्ण प्रदेश र देशवासी दाजु भाई दिदी बहिनीहरुमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



सरोज कुमार यादव
माननीय मन्त्री
एवं भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश

# उदाउँदो सूर्यलाई अर्घ दिँदै चैते छठ सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिलासहित तराई मधेशका जिल्लाहरूमा श्रद्धा-भक्तिपूर्वक चैते छठ बिहानको अर्घ दिँदै सम्पन्न भएको छ।

चैत्र शुक्लपक्ष चतुर्थी तिथिका दिन नहायखाय गरेर शुरु भएको चैते छठ अन्तर्गत आइतबार अस्ताउँदो सूर्यलाई पहिलो अर्घ दिएका थिए भने सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर पर्वको समापन गरिएको छ।

सुख, शान्ति, समृद्धि, परिवार जनको कल्याण, सन्तानको आयु वृद्धि, नयाँ सन्तानको प्राप्ति, पतिको दीर्घायुको साथै चर्म रोग नलाग्ने लागेको भए पनि निको हुने धार्मिक मान्यतासहित छठ पर्व मनाउने चलन रहेको छ।

गृष्म कालको छठ भएकाले शरद ऋतुको कार्तिक महिनामा मनाइने छठ भन्दा चैते छठ गर्नेको संख्या कमी भए पनि वर्षै पिच्छे व्रत गर्नेहरुको संख्या बढी रहेको देखिन्छ। जनकपुरधामको केही पोखरीमा मनाइने चैते छठ विगत केही वर्ष यता धेरै पोखरीहरूमा मनाउन थालिएको कारणले वर्षैपिच्छे व्रत गर्नेहरुको संख्या बढ्दै गएको छ।

मूलतः जनकपुरधामको गंगासागर, धनुषसागर, अंगराजसर, दशरथ तलाउ, अग्नि कुण्ड, बाल्मिकीसर सहितका पोखरीहरूमा व्रतीहरूले सोमबार बिहान दोस्रो पटक अर्घ दिएपछि यस वर्षको चैते छठ सम्पन्न भएको छ। यस महिनामा चर्को घाम तथा गर्मी भएका कारणले चैतै छठ गर्ने व्रतीका लागि उपवास निक्कै कठिन रहेको छ।

पानी पनि नखाने कठोर व्रत हुने भएका गर्मीमा विना पानी उपवास गर्नमा निक्कै कठिनाइ हुने गरेको भएपनि दृढ इच्छा शक्ति तथा माता छठीका कारणले पुरा गर्नमा सफल भएको व्रतीहरूले बताए। चैते छठ पर्वमा प्रसादको रुपमा छठी मैयाँलाई ठेकुवा, भूषबा, खाजा, पिरुकीया, केरा, अदुवा, बेसार, नरिवल, उखु, केराउ, स्याउ सहितका सामग्रीहरू अर्घ दिइने चलन रहेको छ।

छठी मैयाँलाई प्रसाद अर्पण गर्नका लागि तयार गर्दै निक्कै चोखो भएर गर्नु पर्दछ। शुद्धता सहित चोखो तरिकाले तयार पारेको प्रसादहरूलाई ढाकी, सर्वा, सुप, डगरी, टपरीमा सजाएर छैटीमा राखी छठ घाटमा लाने चलन रहेको छ।

चैते छठ अन्तर्गत सोमबार सप्तमी तिथिका दिन उदाउँदो सूर्यलाई दोस्रो पटक अर्घ दिएपछि पर्वको समापन गरिएको छ। व्रतालुले ३६ घण्टाको कठोर व्रतपछि पारण अर्थात् नुन सहितको खाना खाएका छन्।

# घरदैलोमै सेवा उपलब्ध गराउन एकीकृत घुम्ती शिविर



**टुडे समाचारदाता**

जलेश्वर। जिल्लाको मटिहानी नगरपालिकाले हरेक वर्ष झैँ यसवर्ष पनि नगरवासीलाई घरदैलौमा नै सम्पूर्ण सेवा उपलब्ध गराउने उद्देश्यले एकीकृत घुम्ती शिविर प्रारम्भ गरेको छ।

मटिहानी नगरपालिकाले पालिका र वडाहरूबाट प्रदान हुने सम्पूर्ण सेवा एकै ठाउँबाट उपलब्ध गर्ने गरी सोमबारदेखि एकीकृत घुम्ती सेवा प्रारम्भ गरेको छ।

नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले नगरपालिकाको वडा नं. ५ गौबरौराबाट एकीकृत घुम्ती शिविरको प्रारम्भ गरेको जानकारी दिँदै यसले नगरवासीका गुनासोहरू समेत सुन्ने मौका मिल्ने र घरदैलौमै नगरवासीलाई सेवा उपलब्ध हुने बताए।

एकीकृत घुम्ती शिविरको उद्घाटन गर्दै नगरप्रमुख मण्डलले पालिका र वडाबाट हुने सम्पूर्ण सेवा एकै ठाउँबाट दिँदा वृद्धवृद्धा, अपाङ्गता भएकाहरू बढी लाभान्वित हुने बताए।

उनले शिविरमा योजना सम्बन्धी अभिमुखीकरण, योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रका लागि दरखास्त सङ्कलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण, कृषि कार्यका लागि माटो परीक्षण तथा कृषि मिटर सिफारिस, तरकारीको मिनी किट वितरण, गोबर र पशुहरूको गर्भ परीक्षण, पशुपन्क्षी सम्बन्धी परामर्श तथा औषधी वितरण, राजस्व असुली, गरिब परिचयपत्र वितरण, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्ता लगायतका सम्पूर्ण सेवाहरू एकै थलोबाट प्रदान गरिने बताए।

वडाहरू तथा पालिकाबाट नगरवासीहरूलाई सेवा प्रवाहमा भइरहेको कठिनाइ तथा नगरवासीको समस्या सुन्ने तथा तत्कालै समाधान हुन सक्ने समस्याहरूलाई समाधान गर्ने समेत लक्ष्य शिविरमा रहेको नगरप्रमुख मण्डलको भनाइ थियो।

> शिविरबाट सबै जनालाई लाभ लिन आग्रह गर्दै नगरप्रमुख मण्डलले हरेक वर्ष झैँ यसवर्ष पनि एकीकृत घुम्ती शिविरलाई निरन्तरता दिइएको र आगामी दिनमा समेत निरन्तरता दिइने बताए।

शिविरबाट सबै जनालाई लाभ लिन आग्रह गर्दै नगरप्रमुख मण्डलले हरेक वर्ष झैँ यसवर्ष पनि एकीकृत घुम्ती शिविरलाई निरन्तरता दिइएको र आगामी दिनमा समेत निरन्तरता दिइने बताए।

एकीकृत घुम्ती शिविर शुभारम्भ कार्यक्रमको अध्यक्षता वडा नं.५ का वडाध्यक्ष मिश्री नायकले गरेका थिए भने कार्यक्रममा नगरपालिकाका उपप्रमुख मञ्जु देवी साह, वडा नं. १, ६, ७ र ८ का वडा अध्यक्षहरू क्रमशः शिवशङ्कर कुमार राय, कलीम अन्सारी, जितनारायन माझी, रितेश साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, योजना अधिकृत राजेश शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, शिक्षा संयोजक चन्देश्वर साह, सम्पूर्ण शाखाका शाखा प्रमुखहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

# जानकी मन्दिरमा सर्वपक्षीय बैठक, कारबाहीको माग



**टुडे समाचारदाता**

जनकपुरधाम। जानकी मन्दिर परिसरमा विवादित कार्य गर्न नदिएपछि सोको विरोधमा आइतबार दिनभर सडक अवरुद्ध गरी केही उच्छृंखल व्यक्तिहरुले आन्दोलन गरेको भन्दै कारबाहीको माग गरिएको छ।

सोमबार जानकी मन्दिरमा बसेको सर्वपक्षीय बैठकमा धर्म र संस्कृतिको आडमा गलत कार्य गर्न खोज्ने लाई तत्काल छानबिन गरी कारबाहीको दायरामा ल्याउन माग गरिएको छ।

सो सर्वपक्षीय बैठकमा आइतबार जानकी मन्दिरको पूर्वपट्टीतर्फ सडक अवरुद्ध गर्दै गरेको विरोध प्रदर्शनको घटनामा संग्लन भएका व्यक्तिलाई कानुन बमोजिम कारबाहीको माग गर्ने निर्णय गरेको जानकी मन्दिरले जनाएको छ।

सो सर्वपक्षीय बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, विभिन्न धार्मिक संघसंस्थाका प्रतिनिधि, नागरिक समाज, स्थानीय अगुवालगायतकाहरुको सहभागिता रहेको थियो।

माटोको रामको मूर्ति जानकी मन्दिर परिसरमा बनाउन पाउनुपर्ने भन्दै आइतबार जानकी सेना नामक समूहले दिनभर उत्तराधिकारी महन्तको विरुद्धमा प्रदर्शन गरेका थिए भने जानकी मन्दिरका महन्त रामतपेश्वर दासले जानकी मन्दिरमा साक्षातरुपमै सीता र राम रहेकाले कुनै पनि किसिमको माटोको मूर्ति नबनाउन भन्दै अन्यत्रै बनाउनका लागि समेत उनीहरुलाई सुझाएका थिए।

# राष्ट्रिय महाधिवेशन निर्धारित समयमै गर्ने जसपाको निर्णय



**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी, नेपालले पार्टीको राष्ट्रिय महाधिवेशन तोकिएकै मितिमा सम्पन्न गर्ने निर्णय गर्दै आवश्यक कार्यतालिका सार्वजनिक गरेको छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा पार्टी कार्यालय बालकुमारीमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले महाधिवेशनका लागि पार्टीको संगठित सदस्यता लगायत बैशाख ३ गतेभित्र संकलन गरिएका अभिलेख मात्रै मान्य हुने समेत निर्णय गरेको छ।

कार्यतालिका अनुसार बैशाख १० गतेभित्र संगठन विभागले आवश्यकता अनुसार संगठित पार्टी सदस्यतामाथि छानबिन गरी अभिलेख तयार गर्ने, संगठित सदस्यतामा त्रुटी देखिएमा बैशाख १५ भित्र सच्याउनु पर्ने, १६ गते संगठित सदस्यताको अभिलेख सार्वजनिक गरिनेछ।

त्यसैगरि, बैशाख १७ देखि २० सम्म संगठित सदस्यतामाथि उजूरी गर्ने र २१ गतेदेखि २५ भित्र ती उजूरीमाथि छानबिन गरिसक्ने समय तोकिएको छ।

संगठित पार्टी सदस्यहरूको अन्तिम नामावलीसहितको विवरण बैशाख २६ गते प्रकाशन गर्ने निर्णय भएको जनाइएको छ। बैशाख ३० गतेदेखि जेठ १० गतेभित्र राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन गरिसक्नु पर्ने तालिका सार्वजनिक गरिएको छ।

यसैगरि, मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतको संयोजकत्वमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि चयन गर्नको लागि प्रतिनिधि निर्वाचन सम्बन्धी निर्देशिका तयार गर्न तीन सदस्यीय समिति गठन गरिएको छ। समितिको सदस्यमा शिवलाल थापा र मनिष कुमार सुमन रहेका छन्।

गत पुसमा जसपाको सम्पन्न केन्द्रीय समितिको बैठकले आगामी जेठ २७, २८ र २९ गते जनकपुरधाममा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको थियो।

संगठित पार्टी सदस्यताको विवरण पठाउदा पार्टी सदस्यता प्राप्त गरेको मिति छुट्न गएको वा उल्लेख नभएको खण्डमा त्यस्ता संगठित सदस्यहरुको सदस्यता प्राप्त मितिसहितको विवरण सम्बन्धित प्रदेश समितिलाई निर्देशन दिने र सम्बन्धित प्रदेशले संगठन विभागमा यथाशीघ्र पठाउनु पर्ने जसपाले जनाएको छ।

# विद्यालय भर्ना अभियान




**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा विद्यालय भर्ना अभियान शुरु भएको छ। मधेश प्रदेशको आठ वटै जिल्लामा सोमबारदेखि हरेक पालिका अन्तर्गतको विद्यालयमा भर्ना अभियान शुरु भएको छ।

'सबैबालबालिकाकोविद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' भन्ने अभियानका साथ जनकपुरधाम उपमहानगरपालिकाका ५२ वटै सामुदायिक विद्यालयमा भर्ना अभियान चलिरहेको जनकपुरधाम उपमहानगरका प्रमुख मनोजकुमार साहले जानकारी दिए।

विद्यालयको पहुँचबाट कुनै पनि विद्यार्थी बाहिर नहुन् भन्ने उद्देश्यका साथ विद्यालय भर्ना अभियान चलाइएको जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा शाखाका प्रमुख अञ्जु पाण्डेयले बताइन्।

जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत नमुना माध्यमिक विद्यालय ज्ञानकूपबाट विद्यालय भर्ना अभियान आरम्भ गरिएको छ।

# पूर्व सांसद साहमाथि आक्रमण, तीन पक्राउ, चार अझै फरार



**टुडे समाचारदाता**

मलंगवा। पूर्व संघीय सांसद प्रमोद साहमाथि सांघातिक आक्रमण भएको छ। आइतबार मध्यरातमा सर्लाहीको हरिपुर नगरपालिका- ६ मा जनता समाजवादी पार्टी नेपालका नेता साहमाथि आक्रमण भएको छ।

आक्रमणबाट पूर्व प्रदेश सांसद साहको निधार र टाउकोमा चोटपटक लागेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले जानकारी दिए। मध्यराति १२ बजेतर्फ मकै बालीमा पानी लगाएर घर फर्किँदै गरेका बेला उनीमाथि आक्रमण भएको पाइएको उनले बताए।

सुरुमा पूर्वसांसद साहका सहयोगी राजेन्द्र महतोमाथि आक्रमण भएको थियो। भने त्यसपछि पूर्वसांसद साहमाथि पनि आक्रमण भएको उनले प्रष्ट्याए। आक्रमणमा संलग्न रहेको आरोपमा स्थानीय आर्यन चौधरी, सिद्धान्त चौधरी र सरोज माझी पक्राउ परेका छन्। सो आक्रमणमा संलग्न रहेका अन्य ४ जना फरार छन्। सो आक्रमणमा पूर्व सांसद साहसहित निकेश साह, रवि पासवान र राजेन्द्र महतो घाइते भएका छन्। आक्रमणबाट घाइते भएका साहको हरिपुरकै अमृत हेल्थकेयरमा प्रारम्भिक उपचार भएको थियो। साहको थप उपचारका लागि काठमाण्डु पठाइएको छ भने उनको अवस्था खतरामुक्त रहेको प्रहरी उपरीक्षक सिंहले बताए।

# प्रहरी चौकी घेराउ

**टुडे समाचारदाता**

गौर। चन्द्रपुर नगरपालिका-८ सन्तपुरमा रहेको अस्थायी प्रहरी चौकीका इन्चार्जले काठ चोरी गरेको भन्दै सोमबार बिहान स्थानीयले चौकी घेराउ गरेपछि इन्चार्ज उपर कारवाही हुने भएको छ।

सोही स्थानकै कृषि सहकारी साझा संस्थाको भवनमा सञ्चालन हुँदै आएको अस्थायी प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक दिनानाथप्रसाद यादव संस्थाकै काठ चोरीको आरोपमा कारवाहीमा पर्ने भएका छन्।

काठले बनेको साझा संस्था पक्की भवनमा परिणत भएपछि संस्थाले प्रहरी चौकी परिसरमै सुरक्षितसँग राखेको काठ चौकीका इन्चार्ज यादवले विभिन्न किसिमका फर्निचर बनाई आफ्नो घरमा पठाउनेगरेको स्थानीय काठ मिस्त्रीबाट जानकारी पाएपछि सन्तपुरवासीले चौकी घेराउ गरेका थिए।

वडा अध्यक्ष जितेन्द्र चौधरीले संस्थाको केही परिमाणका काठ इन्चार्ज यादव बस्ने कोठामा समेत भेटिएको बताए। उनका अनुसार चोरिएको काठको क्षतिपूर्ति र इन्चार्ज यादवलाई कारवाहीको माग राख्दै चौकी घेराउ गरिएको वडा अध्यक्ष जितेन्द्र चौधरीले बताए। घटनापश्चात् लगत्तै इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटेका प्रहरी निरीक्षक गायत्रीराज शर्माले स्थानीयसँग लामो छलफल गरी चौकीका इन्चार्ज यादव उपर अनुसन्धान गरिने र दोषी ठहरिएमा विभागीय कारवाही गरिने बताए। यता संस्थाका अध्यक्ष तथा पूर्व नगरपालिका प्रमुख रामचन्द्र चौधरीले संस्थाको काठ मात्र नभइ इन्चार्ज यादवले चोरी निकासीको अवैध काठसमेत बरामद गरी निजी उपयोग गरेको आरोप लगाए।

# एकीकरण नहुँदै नाउपाबाट नेपाल सद्भावना पार्टी अलग

**टुडे समाचारदाता**

काठमाण्डु। एकीकरणको अन्तिम तयारीमा रहेको नेपाल सद्भावना पार्टी नागरिक उन्मुक्ति पार्टी (नाउपा) बाट अलग भएको छ।


नाउपासंग नेपाल सद्भावना पार्टीले गरेको सहमति पूरा नहुँदै नाउपाको अध्यक्ष पदकै लागि श्रीमान् र श्रीमती बीचको विवादका कारण देश र जनताको लागि पार्टी सञ्चालन हुन नसकेको भन्दै अलग भएको जनाएको छ।

नेपाल सद्भावना पार्टीका केन्द्रीय अध्यक्ष रामकुमार महतोले एक विज्ञप्ति जारी गर्दै नाउपा व्यक्तिगत स्वार्थ पूरा गर्न तर्फ अग्रसर भएको समेत उल्लेख गरेको छ।

नाउपा र नेपाल सद्भावना पार्टीबीच गत भदौं १४ मा एकीकरण गर्ने सम्झौता भएको थियो

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संकटमा शासन

संघीय गठबन्धन परिवर्तन भएसँगै देशमा शासन संकटमा परेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्ना भाईलाई राष्ट्रिय सभाका अध्यक्ष बनाउन सफल भए पनि गठबन्धन परिवर्तनले उनी स्वयं संकटमा परेका छन् । हुनत उनले नेपालका सर्वाधिक धनी उद्योगपति विनोद चौधरी समेत उनको परिवारलाई दिएको धक्का पनि सत्तागठबन्धनमा खटपटको कारण बनेको थियो । तर पारिवारिक मोहले प्रचण्डलाई थप संकटमा पारेको छ। उनका भाइ राष्ट्रिय सभाको ४ वर्ष अध्यक्ष रहने सुनिश्चित भएको छ। तर उनी स्वयं रहने नरहने अनिश्चित भएको छ। सुदूरपश्चिम प्रदेशमा सरकार गठन गर्न नेकपा एसले नागरिक उन्मुक्ति पार्टी(नाउपा)का संस्थापक रेशम चौधरी पक्षधर सभासदलाई मुख्यमन्त्री बनाउन समर्थन गरेको छ। नाउपाका लक्ष्मण किशोर चौधरीलाई नेपाली कांग्रेसले समर्थन गरेको छ। चौधरीको पक्षमा नाउपाका ५ जना, कांग्रेसका १८ जना, राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का १ र एसका ४ जना रहेका छन् । सुदूरपश्चिम प्रदेश सभामा बहुमतका लागि आवश्यक २७ जनाको संख्या भन्दा बढी रहेको छ। हुनत नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठ पक्षधर कैलाश चौधरीलेपनि मुख्यमन्त्रीमा दावी गरेका छन् । तर उनीसित बहुमत छैन् । कैलाश चौधरीको पक्षमा एमालेका १० , माओवादीका सभामुख बाहेकको १० र नाउपाका २ जना र १ जना स्वतन्त्रको मात्र समर्थन रहेको छ । प्रदेश प्रमुखले बहुमत प्राप्त सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेपनि आइतवार उनले लक्ष्मण किशोर चौधरीलाई मुख्यमन्त्री नियुक्त गरेका छैनन् । नेकपा एसले कांग्रेस समर्थित लक्ष्मण किशोर चौधरीलाई समर्थन गरेसँगै संघीय गठबन्धनमा भूँइचालो गएको छ। कोशी प्रदेशमा कांग्रेसबाट बिद्रोह गरी ८ जना सभासद सहित केदार काकीले मुख्यमन्त्रीमा दावीगर्दा एमालेले समर्थन गरेको थियो । एमालेको समर्थनबाट मुख्यमन्त्री बनेका केदार कार्की सत्ता नछाड्ने संवैधानिक अडानमा छन् । नेकपा एसले लक्ष्मण किशोर चौधरीलाई दिएको समर्थनबाट पछि नहटे संघीय सरकार ढल्न सक्ने बलियो संभावना छ । कांग्रेस र एमाले मिलेर सरकार बनाउनु पर्नेमा दुवै दलका दोस्रो वरियताका नेताहरुले सार्वजनिक रुपमा जोड दिन थालेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष समेत रहेका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले सहकारीमा भएको आर्थिक अनियमितता छानबिनका लागि संसदीय समिति गठन गरिए सत्ताबाट बाहिरिने धम्की प्रधानमन्त्रीलाई दिइसकेका छन् । बिहारका मुख्यमन्त्री नितिश कुमार जस्तै गठबन्धन फेर्ने अभ्यास गर्न खोजेका प्रधानमन्त्री प्रचण्डको शासन नै संकटमा परेको छ। यसबाट देशलाई निकास दिन दलहरु इमान्दारीपूर्वक भूमिका निर्वाह गर्नुपर्छ ।

# रवि लामिछानेले गुमाउन नहुने यो मौका

**शिवजी श्रेष्ठ**

नयाँ सत्ता गठबन्धनको सरकार बनेको केही दिनमै राजनीतिक दलसम्बन्धी विधेयक प्रस्तुत गर्न संसद् को रोस्टममा जान लागेका उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेप्रति प्रमुख प्रतिपक्षी दल कांग्रेसले विरोध जनायो, उनलाई रोस्टमसम्म पुग्न दिएनन् र प्रधानमन्त्रीको जवाफ मागे ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जवाफ दिन समय लगाएपछि सहकारी अनियमिततामा संलग्न रहेको भन्दै कांग्रेसले उनको राजीनामा मागेको छ । प्रधानमन्त्री प्रचण्डले अघिल्लो मङ्गलबार संसद्को रोस्टममै उभिएर प्रहरीको ब्रिफिङको हवाला दिँदै गृहमन्त्री लामिछानेको बचाउ गरेपछि कांग्रेसले संसदीय छानबिनको विकल्प प्रस्तुत गरेको छ, तर गृहमन्त्री लामिछानेले त्यसलाई अस्वीकार गर्दै चार वर्ष नै संसद् चल्न नदिए पनि आफूले काम गरिरहने भनी प्रतिक्रिया दिएको कुरा समाचारमा आएको छ।

ओखलढुङ्गाका जीबी राई समूहद्वारा सञ्चालित पोखराको सूर्यदर्शन, चितवनको सहारा, बुटवलको सुप्रिम लगायत सहकारीमा बचतकर्ताले जम्मा गरेको करोडौँ रकम अनियमितता भएको र ग्यालेक्सी टीभीमा समेत खर्च गरेको पाइएको छ।

राजनीतिमा आउनुअघि उक्त टीभीको प्रबन्ध निर्देशक रहेका लामिछानेका नाममा समेत रकम निकालेको देखिएपछि उनीमाथि प्रश्न उठ्दै आएको छ । लामिछानेले भने आफूले रकम नलिएको र अनियमिततामा संलग्न नभएको भनी अस्वीकार गर्दै आएका छन् ।

यता गृहमन्त्रीको बचाउमा प्रधानमन्त्री मात्रै होइन, सत्ता घटकका प्रमुख दल एमालेका नेता एवं पूर्वप्रधानमन्त्री केपी ओली समेत संसदीय छानबिन समिति बनाउने कुरालाई असम्भव भनेर उत्रिएका छन् । सत्तापक्ष र प्रतिपक्षीको अडान रहिरहे संसदीय कारबाही खलबलिन्छ नै, सँगसँगै वैकल्पिक शक्तिका रूपमा उदाउँदै गरेको र जनताले आशा गरेको एउटा पार्टी र त्यसका मुख्य नेताको क्षयीकरण पनि हुन सक्छ।

यसर्थ यस मामिलामा अरुले भन्दा गृहमन्त्री लामिछाने आफैँले बढी सोच्नुपर्ने देखिन्छ । त्यो पनि स्थापित दलका स्थापित नेताहरूले सोच्ने हठी ढङ्गभन्दा फरक ढङ्गले । पुराना नेता र पार्टीका पुराना ढर्राबाट अब देश उँभो लाग्दैन भन्दै जनतामा 'नो नट एगेन'को नारा दिएर आएका पार्टी र त्यसका नेता पनि उही पुरानै ढर्रामा हिँडेर संसद्ले संसदीय छानबिन माग गर्दा अस्वीकार गर्नुले प्रश्न उब्जाउँछ– भोलि आफैँ पनि अस्वीकृत हुँदै जाने अर्थात् आफैँप्रति 'नो नट एगेन'को अवस्था त सिर्जना हुँदैन ?

सुरुमा बीपीले 'गणेशमानजीले त्यस्तो गर्न सक्नुहुन्न, गर्नु नै हुन्न' भनेर अडान लिए । राजाले 'पैसा लिएकै हो' भनेर अडान लिएपछि बीपीले भने, 'त्यसो भए छानबिन गर्नुपऱ्यो, गोप्य तबरले ।'संसदीय छानबिनका घटना नयाँ होइनन् । अरुलाई ऱ्याखऱ्याख्ती प्रश्न सोधेर एउटा छवि बनाएका लामिछानेले पक्कै पनि यसबारे पर्याप्त अध्ययन गरेकै हुनुपर्छ । आधुनिक नेपाल बनाउँछु भनेर आएका लामिछानेले अरु नभए पनि आधुनिक सिङ्गापुर बनाएका ली क्वान युको आत्मकथा अध्ययन गरेकै हुनुपर्छ ।



जब ३१ वर्ष सिङ्गापुरको नेतृत्व गरेर सन् १९९० मा सक्रिय राजनीतिबाट बाहिरिएपछि लीका छोरा ली सिएन लुङ उपप्रधानमन्त्री बनेका थिए ।

यस्तैमा एउटा भ्रष्टाचारको आरोप चर्चामा आयो । ली क्वान युकी श्रीमती कवा गियोक चुले मन्त्रीहरूलाई प्रभावमा पारेर आफू र छोरा लुङका नाममा दुईवटा महँगो घर किन्दा एक लाख सिङ्गापुर डलर बराबरको छुट सहुलियत लिएको आरोप थियो । ली क्वान युले विपक्षी दलभन्दा अगाडि बढेर यस विषयमा तुरुन्तै संसदीय छानबिन गराए । संसदीय समितिले ली क्वानको कमजोरी भेटेनन् । त्यो लिएको छुट कानुन अनुसारकै भेटियो, छानबिनपछि संसद्ले ली क्वान युलाई क्लिन चिट दियो, तर ली क्वान युले त्यो कानुन अनुसार पाएको छुट पनि एउटा परोपकारी संस्थालाई दान दिए ।

त्यस घटनापछि ली क्वान युलाई पत्रकारले सोधे, 'संसद्मा कुरा पो उठेको थियो, तपाईंले त आफैँ संसदीय छानबिनका लागि अनुरोध गर्नुभयो, किन ?' उनले भने, 'पत्रकार महोदय ! मैले यो कुरा संसद्मा छलफल नचलाएको भए अर्को चुनावमा विपक्षीका लागि ठूलो मसला बन्ने थियो र हाम्रो उछित्तो काढिने थियो ।' के गृहमन्त्री लामिछानेले आफूलाई यो घटना वा त्यो स्थानमा राखेर हेर्न वा शिक्षा लिन सक्दैनन् ?

संसद्बाट क्लिन चिट लिएर आफूलाई अहिले लागेको वा लगाइएको आरोपबाट उन्मुक्ति पाउन उनलाई के समस्या भयो ?२०१६ सालमा दुईतिहाइ बहुमतसहित संसदीय चुनाव जितेको नेपाली कांग्रेसको सरकार थियो । आफ्नै रफ्तारमा चलिरहेको बीपी नेतृत्वको त्यस सरकारलाई विपक्षी दल, राजा महेन्द्र र मिडियाबाट भने प्रहार भइरहेकै थियो । बीपीले आफ्नो 'आत्म वृत्तान्त'मा उल्लेख गरे अनुसार, एक दिन राजाले दरबारमा बोलाएर भने– धेरै उजुरी आउन थाल्यो, तपाईंका मन्त्रीहरूका बारेमा ।'

बीपीले भने, 'हो सरकार, अनुसन्धान गरे हुन्छ ।'

राजा महेन्द्रले चार जनाको नाम (गणेशमान सिंह, शिवराज पन्त, प्रेमराज आङदेम्बे, र बीपीकै भाइ तथा निजी सचिव तारिणीप्रसाद कोइराला) लिएर भने– यिनीहरुका बारेमा सिकायत छ ।बीपीले प्रतिवाद गरे, 'यो हल्लाको पछि लाग्ने होइन, सरकारसँग कुनै प्रमाण छ भने बक्स्योस् न । त्यसो भयो भने म क्रिमिनल केस चलाउन सक्छु ।'

प्रमाणस्वरूप राजाले भने, 'गणेशमान सिंहले जाउलाखेलमा सांसदहरू बस्न वा ट्रेनिङ सेन्टरका लागि जुद्धशमशेरका छोराको घर किन्दा एक लाख रुपैयाँ कमिसन लिएका छन् ।' सुरुमा बीपीले ' गणेशमानजीले त्यस्तो गर्न सक्नुहुन्न, गर्नु नै हुन्न' भनेर अडान लिए । राजाले 'पैसा लिएकै हो' भनेर अडान लिएपछि बीपीले भने, 'त्यसो भए छानबिन गर्नुपऱ्यो, गोप्य तबरले । संसद्ले छानबिन गर्दा सरकारलाई विश्वास नहोला । सरकारकै पत्यारका उपत्यकाका हाकिम छन्, विष्णुमणि आदि, उनैलाई गर्न लगाउँ ।'

राजा सहमत भएपछि बीपीले उपत्यका कमिसनर विष्णुमणिलाई बोलाएर गोप्य रूपमा गणेशमान सिंहमाथि छानबिन गर्न भने । ५-६ दिनमै विष्णुमणिले राजा र प्रधानमन्त्रीलाई रिपोर्ट दिएछन्, 'सफा काम भएको छ, पैसाको कुनै लेनदेन भएकै छैन ।'भएको के रहेछ भने जुद्धशमशेरका छोराले एकजना नेवार साहुबाट थुप्रै ऋण लिएका रहेछन् ।

घर बेचेर आएको पैसामध्ये उनले एक लाख रुपैयाँ त्यही साहुलाई तिरेछन् । घर बेचेको पैसा हिसाबमा एक लाख कम आएपछि उनकी श्रीमतीले राजा महेन्द्रसमक्ष बिन्तीपत्र चढाएकी रहिछन् ।

आखिर गणेशमानजी 'क्लिन' निस्किए । गणेशमानमाथिको छानबिनमा कुनै कैफियत नभेटिएपछि तत्कालीन वनमन्त्री शिवराज पन्त, खाद्यमन्त्री प्रेमराज आङदेम्बेमाथि छानबिन गर्न राजाले त्यति चासो देखाएनन् । प्रधानमन्त्री बीपी आफ्ना मन्त्रीहरूमाथि छानबिन गराउन तयार भएपछि उनलाई दोष लगाउने राजा समेत गलेका देखिन्छन् । त्यसैले केही कैफियत नगरेकाहरू छानबिनसँग तर्किनुपर्ने कुनै कारण हुँदैन, अनि छानबिनबाट तर्किनेहरूले केही नगरेकै रहेछ भने पनि प्रश्नहरूको भारी जीवनभर बोकेर हिँडिरहनुपर्ने हुन सक्छ ।

यहाँ संसद् छल्नेहरूको कुनै कमी छैन, तर संसद्लाई बदल्नेहरूको चाहिँ अभाव छ। आफूलाई निर्दोष साबित गर्न गृहमन्त्री लामिछाने संसदीय छानबिनका लागि सहयोग गर्नैपर्छ। अन्यथा यो प्रश्न रहिरहनेछ ।बीपीले चाहेको भए छानबिन नै नगरी 'गणेशमानजी चोखो छन्' भनेर अडान लिन सक्थे । तर त्यसो भएको भए जीवनभर गणेशमानलाई यो प्रश्नले पछ्याइरहने थियो । लामिछानेले पनि अर्कै प्रसङ्गमा भनेका छन्, 'गगन थापालाई बाख्रा पालन र मलाई नागरिकता प्रसङ्गले सधैँ पछ्याइरहनेछ ।'

संसदीय अङ्क गणितको खेलमा आफूलाई सुरक्षित राख्न यी प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीहरूले तत्कालका लागि गृहमन्त्री लामिछानेलाई प्रश्नको घेराबाट उम्काउन मद्दत गर्लान्, तर सधैँ झुन्डिरहने प्रश्नबाट मुक्ति दिलाउन त नसक्लान् कि ? यिनले आफ्नो राजनीतिको सुरक्षा हेरे, गृहमन्त्री लामिछानेले पनि आफ्नो राजनीतिक भविष्यको सुरक्षा सोच्नुपर्छ कि ? भनिन्छ, नेताले एउटा चुनाव हेर्छ, तर दूरदर्शी नेताले सुदूर भविष्य हेरेर निर्णय गर्छ ।

यस्ता मामिलामा नेपाली संसदीय इतिहासमा पनि कुनै जमानामा ली क्वान युजस्तै नेता थिए । जब २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा नेपाली कांग्रेसको बहुमतको सरकार बन्यो।

त्यस सरकारकी कृषिमन्त्री शैलजा आचार्यले एक दिन संसद्को रोस्टममा उभिएर भनिन्– मेरै मन्त्रालयभित्र कमिसनको जालो छ, त्यसैले समयमै मल किनेर कृषकलाई पुऱ्याउन सकिएन । यसबारे संसद्ले छानबिन गरोस् ।

प्रधानमन्त्री कोइरालाले उनलाई आफ्नो बोली फिर्ता लिन भनेका थिए, तर उनले आफूले सबै बुझेर बोलेको र आफ्नो बोली फिर्ता लिनुपरे राजीनामा दिने बताइन् र राजीनामा दिइन् । यसबाट पनि गृहमन्त्री लामिछानेले शिक्षा लिने ठाउँ छैन र ?

यहाँ संसद् छल्नेहरूको कुनै कमी छैन, तर संसद्लाई बदल्नेहरूको चाहिँ अभाव छ। आफूलाई निर्दोष साबित गर्न गृहमन्त्री लामिछाने संसदीय छानबिनका लागि सहयोग गर्नैपर्छ। अन्यथा यो प्रश्न रहिरहनेछ ।(लेखक नेपाल प्रहरीका पूर्व प्रहरी अधिकृत हुन् । हाल बेलायतको ह्याम्प्सार्य पुलिस काँस्टेबुलरीको सल्लाहकार छन् ।)रातोपाटी

# सिंहदरबारभित्र देखिएको 'समाजवाद'

**डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'**

एक दिन म एउटा काम विशेषले सिंहदरबार पुगेको थिएँ । मैले पहिला पहिला यसको नाम किन सिंहदरबार राखे होलान् भन्ने लागेको थियो । अहिले त्यो आशङ्का मेटिएको छ । त्यो दरबार मात्र सिंह जस्तो नभएर त्यहाँ बस्ने हरेक प्राणी सिंह जस्तै हुँदा रहेछन् । जसरी एउटा सिंह आफ्नो आहार खोज्न दिनभर जङ्गलमा भौँतारिन्छ ठिक त्यसरी नै सिंह दरबारका ती सिंहहरू पनि शेर बनेर बिचौलिया मार्फत आफ्नो आहारको खोजी गर्न व्यस्त हुँदा रहेछन् । हुन त म आफै सदनमा हुँदा होस् वा संसद्को सार्वजनिक लेखा समितिको सभापति हुँदा होस् त्यति बेला पनि मैले यिनै कुराहरूको अनुभूति गरिरहन्थे । तर यो पटक गहिरोसँग सिंहदरबारको अनौठो समाजवादसँग भिज्ने मौका पाएँ । करिब चार घण्टाको बसाइमा मैले हामी राजनीतिकर्मीहरुको त्याग, बलिदान र योगदानको स्मरण गर्ने जमर्को गरेँ । यहाँ मैले आफूले अनुभूति गरेका विषयहरू पार्टी निर्माणमा सहयोगी हुनेछन् भनेर नै शेयर गर्ने जमर्को गरेको छु।

समाजवाद भनेको कुनै अमूर्त कल्पना होइन । समाजवाद त सयौँ वर्ष देखिको एकीकृत सामन्ती व्यवस्थाका विरुद समानता र समावेशीकरणको आधारमा मुलुक र जनताको जीवन शैलीलाई उकास्ने , उत्पादन र वितरणमा सामूहिक स्वामित्व सिर्जना गर्ने अहिले सम्मकै वैज्ञानिक राजनैतिक आर्थिक प्रणाली हो । मुलुकको समृद्धि भौतिक विकासमा मात्र होइन,जनताको जीवन स्तरमा समेत मापन गरिन्छ । व्यवस्था परिवर्तनले गरिबी र अझ गरिबीको रेखामुनि रहेका जनतालाई माथि उकास्ने र मुलुकमा रोजगार सिर्जना गरेर 'राष्ट्र निर्माणमा मेरो रोजगारी' भने भाव पैदा गर्ने नीति र कार्यक्रम आजको पहिलो आवश्यकता हो । दिनभरि बिचौलिया भेटघाट गरेर आफूलाई व्यस्त राख्ने,स्वार्थ केन्द्रित कर्मचारीका पुरातन पर्खाल तोड्न नसक्ने,बाह्य दातृ राष्ट्रहरुको अनुदानमा रमाएर मुलुकको हित बिर्सने गरी गरिएको गतिविधिलाई समाजवाद भनिँदैन । फ्री भिसा फ्री टिकट भन्ने नाममा युवाहरूलाई बिदेसिन प्रोत्साहन गर्ने ,वंशका उत्तराधिकारी र गुटको समीकरणलाई पार्टी ठान्ने, कुनै पनि कुरा संस्थागत नगर्ने,पार्टीलाई गरिब बनाएर आफू मात्र धनी हुने विचार र प्रवृत्तिलाई पनि समाजवाद भनिँदैन ।

हो, सिंहदरबारमा यही समाजवाद छ । सुशासन र समृद्धि लागि सम्माननीय प्रधानमन्त्रीको बढ्दो सक्रियता,चासो र चिन्ता अनि जनताको पक्षमा काम गर्न दिएको कासनले पनि सिंहदरबार के मा झुमिरहेको छ ? जनताको चासो यही कुरामा बढी रहेको देखिन्छ । हुन त केही मान्छेहरू अनावश्यक काम लिएर दुःख दिन पनि जान्छन् होला ! कार्यकर्ता पनि बजेट माग्ने त्यही बजेट फेरी अर्कोलाई बेच्ने,योजना पनि बेच्ने र राजधानीलाई रङ्गिन बनाउनेहरू पनि छन् होला ! तिनीहरूबाट नै तपाईँहरूको घर पनि चलेको होला ! तर मूल नीति नै विजय मल्लको ' अन्तिम भोज'मा रमाए जस्तै गरी अरूलाई सुन्न ,बुझ्न नसक्नुले सिंहदरबार भित्रको 'समाजवाद' भनेर किन नभन्ने ? सुनदेखि सहकारीसम्म ,शरणार्थी काण्ड देखि फाइबर सम्मका आरोपितहरू वास्तविक समाजवादका धमिराहरु हुन् । यिनीहरूको काम आसेपासेहरू थुपारेर सिंहदरबारमा गोलो लगाउने मात्र हो भनेर जनताले किन नबुझ्ने ? चरित्र,कार्यशैली र बदनियत नबदली सिंहदरबार भित्रको त्यो फोहर सफा गर्न सकिँदैन है ।

राजनैतिक दलहरू बिचौलिया र दलालहरूको आश्रय स्थल होइनन् । दलहरूले सरकारमा हुँदा आफ्नो घोषणापत्र अनुसार र दलभित्र आफ्नो विधान अनुसार चल्न सक्नु पर्छ । पार्टीको विधान,पार्टीको आफ्नो मूल्य मान्यता र संस्थागत निर्णय अनुसार पार्टीलाई हिँडाउनु अहिलेको आवश्यकता हो । पार्टीका कार्यालयहरू बेकामे र बेखबर हुने तर एकथरी मान्छेले त्यही सूचना बेचेर खाने ,अक्तियारको दुरुपयोग गर्ने ,नेतृत्वसँग फोटो खिचाउने र त्यही देखाएर अरुसँग रकम माग गरेर ठगी गर्नेहरूबाट पनि पार्टीलाई जोगाउनु पर्छ । अझ हाम्रो पार्टी यो परिवर्तनको प्रमुख संवाहक भएको नाताले पनि यसले आफ्नो आदर्शलाई जोगाउन सक्नु पर्छ । रणनीति अनुसार कार्यनीति र कार्यक्रममा चल्ने पार्टी नै दिगो र स्थिर हुन् सक्छ । भइपरी आउने कामलाई कार्यक्रम ठान्ने गल्ती कहिल्यै गर्नु हुँदैन । अझ संसदीय प्रणालीमा त विपक्षका विरुद्ध पहिलो,दोस्रो,तेस्रो योजना बनाएर चल्नु पर्छ । एक छिन रमाउने र कमाउने नीति रणनीति होइन । यसबारे हामी कहाँ चुकेका छौं ? समीक्षा गर्ने बेला आएको हो कि !



माओवादी केन्द्र लहडमा जन्मिएको पार्टी होइन ।

यसका हरेक सदस्यसँग रगतका छिटा पोतिएको छ । अंगभंग मात्र होइन कतिपयको परिवार समेत विघटन भएको छ । बेपत्ता र सहिदहरूको परिवारजन गणतन्त्रलाई नै उपलब्धि ठानेर पार्टीलाई सहयोग नै गरिरहेको छ । यस्तो सङ्घर्षमय इतिहास भएको पार्टी प्रति जनताको आशा र भरोसा अहिले पनि जीवित छ । १२/१५ लाख जनताको मत अहिले पनि हामीसँग नै छ । हामी उठ्न सक्ने प्रशस्त आधारहरू छन् । एकल परिवारवादमा आधारित जहानियाँ निरङ्कुश शासनका विरुद्ध एउटा सानो शक्तिले विद्रोह गरेर यहाँसम्म आयौँ भने अहिले त हामी त्यसको तुलनामा निकै बलिया छौँ । कमजोर त हाम्रो सोच हो,चिन्तन हो, कार्यशैली हो र हामीले राख्ने बदनियत मात्र हो । हाम्रो चरित्र सफा हुँदा पार्टी प्रतिको विश्वास मात्र होइन आशा समेत बढ्छ कमजोर त आफू केन्द्रित रणनीति बनाउने,एकल निर्णय गर्ने ,उपलब्धिमाथि एकल अधिकार जमाउने सोच र प्रवृत्ति मात्र हो । पार्टीका सबै अङ्गहरूको परिचालनबाट सही परिणाम आउन सक्छ भन्ने बुझ्न नसक्नु पनि हाम्रो अर्को कमजोरी हो । के दलहरूले राजनैतिक स्थायित्वको लागि आफ्ना खराब बानीहरू त्याग्न सक्छन् ? यस बारेको सङ्कल्पले मात्र नेपालमा राजनैतिक स्थिरता कायम गर्न सकिन्छ । यसबारे पनि केही सोच्ने कि !

नेपालको अहिलेको भू-राजनैतिक अवस्था ,विश्व राजनीतिमा आएको उतार चढाव ,आर्थिक मन्दी तथा भूमण्डलीकरणको प्रभाव नेपाली राजनीतिमा पर्ने स्वाभाविक नै हो । अझ हामी दुई विशाल छिमेकी देशको बिचमा अवस्थित छौँ । एकल धुव्रीय अमेरिकी साम्राज्यवाद आफ्नो वर्चस्व गुम्ने हो कि भन्ने चिन्ताले दक्षिण पूर्वका देशहरूमा आफ्नो प्रभाव विस्तार गर्दै चीनलाई घेरा हाल्ने रणनीतिमा लागिरहेको देखिन्छ । यस प्रकारको भूराजनीतिक अवस्थालाई मध्य नजर गरेर नै नेपाल नेपाल पथमा हिँड्ने रणनीति अँगाल्नु नै मुलुकको हितमा हुने कुरामा कुनै शङ्का छैन । मुलुकलाई राजनैतिक दलहरूले आफ्नो स्वार्थ र आपसी किचलोको सिकार बनाएर राजनीति गर्न खोज्नु मुलुकको निम्ति दुर्भाग्यपूर्ण हुन् सक्छ ।

यी र यस्तै कतिपय तथ्यहरू माथि विचार गरेर मात्रै समाजवादको आगामी यात्रा सुनिश्चित गर्न सकिन्छ । नेपाली जनताले खोजेको समाजवाद विचौलियातन्त्रमा आधारित दलाल नोकरशाही पुँजीको व्यक्तिगत उपयोगबाट पैदा हुने अराजकतावाद झन् हुँदै होइन । सिंहदरबारमा देखिएको 'समाजवाद' र जनताले खोजेको समाजवादमा कुनै साइनो सम्बन्ध छैन । दिन भरी आहार खोज्ने,रातभरि बिहार रोज्ने प्रवृत्तिलाई बेलैमा खारेज गर्न सकिएन भने केही समयपछि पार्टी 'अन्तिम भोज'को रात्रिपार्टीमा बदलिने छ । त्यति बेला पार्टी निर्माण र सम्मृद्धिबारे सोच्न धेरै ढिलाइ भैसकेको हुनेछ ।

त्यसो त माओवादी अहिलेको राजनीतिको मूल धार हो । सङ्घीयता,धर्मनिरपेक्षता,समावेशी,समानुपातिक प्रणाली सहितको गणतन्त्र माओवादीकै बलिदानबाट प्राप्त भएका उपलब्धिहरू हुन् । सुशासन कायम गर्न प्रधानमन्त्रीबाट चालिएका कदम होस् वा सङ्घीयता कार्यान्वयन गर्न गरिएको सक्रियता लगायतका पछिल्ला गतिविधि हेर्दा माओवादीको मूल नेतृत्व जनताको जीवन स्तर उकास्न इमानदार देखिएको छ । तर बाइसे चौबिसे राज्यका 'राजा' जस्ता बनेका वर्तमान क्याबिनेटका मन्त्रीहरू आफ्नै अहमताले छताछुल्ल भएका छन् ।

तिनलाई यति धेरै घमन्ड पलाएको छ कि जनताको समस्यामा भेटघाट गर्ने समय मिलाउन त के फोन उठाउन समेत त्यही घमन्डको पर्खालले रोक्छ र बिचौलियाहरूको 'विजय गान'मा उत्सव मनाई रहेका हुन्छन् । गणतन्त्र धराप मै परोस् तर आफू चाहिँ पदबाट हट्न नपरोस् भन्ने चाहाना बोकेर सिंहदरबार छिरेकाहरूबाट आउने वा ल्याउने 'समाजवाद' दलाल नोकरशाही पुँजीवादी चरित्रको र अहिले सिंहदरबार भित्र देखिएको वेथितिको विचौलिया समाजवाद मात्र हो । यस्तै विचार र प्रवृत्तिबाट सङ्घीयता र गणतन्त्रमाथि घात हुन् सक्छ । नेतृत्वले बेलैमा ध्यान दिने कि ! मैले सिंहदरबार भित्र जे देखे,अनुभूति गरे,त्यही लेखेर त्यसैले आउनुहोस्,सबैले हातेमालो गरौँ र मुलुकलाई वास्तविक समाजवादतर्फ हिँडौं ।

# विपद् प्रभावितहरु अधिकारबाट बंचित नहुने विषयमा गम्भीर हुन गृहमन्त्रीको आग्रह




**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल सरकारका गृहमन्त्री रवी लामिछानेले विपद् प्रभावितहरु आफ्नो अधिकार प्राप्त गर्नबाट वञ्चित नहोऊन् भन्ने विषयमा गम्भीर हुन सम्बद्ध क्षेत्रका अधिकारीहरुसँग आग्रह गरेका छन् ।

सिंहदरबारमा सोमबार भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २१औं बैठकलाई सम्बोधन गर्दै गृहमन्त्री लामिछानेले प्रक्रियाको अलमल र ढिलासुस्तीका कारण विपद् न्यूनीकरण, विपद्मा परेकाहरुको उद्धार, राहत तथा पुनःस्थापनाका लागि कुनै पनि कारणले ढिला नहोस भनि निर्देशन दिएका हुन् ।

बैठकमा गृहमन्त्री लामिछानेले प्रक्रियामा सहजताका लागि ध्यान दिन जरुरी रहेको र निर्णय प्रक्रिया ढिला तथा झन्झटिलो हुने गरेका गुनासाहरु आइरहेकाले कसरी छरितो बनाउने भन्नेमा ध्यान पुरयाउन आग्रह गरे ।

समयमै कार्यसम्पादन गर्न प्रक्रियागत अलमल र कानुनी जटिलताका कारण प्रभावित नागरिक अधिकारबाट वञ्चित नहुने गरि काम गर्न उनले भने । उनले आउँदो वर्षाअघि नै विपद् पीडितहरु घरभित्र बस्न पाउन भन्ने चाहना आफ्नो रहेको जानकारी गराउँदै छरितो ढङ्गले काम अघि बढाउन मातहतका अधिकारीहरुलाई निर्देशन पनि दिएका थिए ।

पछिल्लो समयमा आगलागीका कारण सैनिक र बालबालिकाको निधन भएकामा दुःख व्यक्त गर्दै गृहमन्त्री लामिछानेले कानुनमा रहने लुप होलका कारण प्रभावितलाई थप पीडा हुनेतर्फ ध्यान दिन आग्रह गरेका थिए ।

बैठकमा गृहमन्त्री लामिछानेले पेस गरेको 'विपद् प्रभावितको निजी आवास प्रबलीकरण, पुनः निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०८१' परिमार्जनसहित स्वीकृत भएको छ । बैठकमा उहाँले कार्यविधिमा हिमपहिरो र खडेरीलाई समेत समावेश गर्ने गरी राखेको पारित भएको हो ।

बैठकमा सहभागी सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले प्रभावितहरुको राहत, उद्धार तथा पुनःस्थापनमा समस्या देखिँदै आएको उल्लेख गर्दै त्यसतर्फ चुस्त काम गर्न जरुरी रहेको बताएका थिए । उनले विपन्नताका कारण जग्गा जमिन नभएकाहरुको हकमा पनि सरकारबाट उचित व्यवस्थापन गर्न सकिने गरी नीतिनियम बनाउनुपर्नेमा जोड दिए ।

सो क्रममा गृहसचिव एकनारायण अर्यालले पहिलेकै कार्यविधिमा टेकेर अहिले नयाँ कार्यविधि तयार पारिएको जानकारी दिँदै यसले स्थानीय पालिकामा रिसोर्स नभएको खण्डमा सङ्घीय सरकारले गर्न सक्ने गरी बनाइएको बताए । उनले त्यसको नियमावली कानुन मन्त्रालयमा परामर्शका लागि पुगेकाले एक-दुई दिनभित्रैमा मन्त्रिपरिषद्मा पठाउने जानकारी गराउँदै उक्त नियमावली र कार्यविधिहरु बजेटअघि नै स्वीकृत भएमा तीनवटा सरकारलाई बजेट व्यवस्थापनमा सहज हुने बताए ।

बैठकले पेस गरिएको पश्चिम नेपालमा गएको भूकम्पबाट क्षतिको अवस्थाका बारेमा अध्ययन प्रतिवेदन, खोज उद्धारका लागि हवाई उद्धारमा लागेको खर्च, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालनसम्बन्धी कार्यविधि २०८१ लगायत प्रस्तावहरु स्वीकृत गरेको छ ।

# सबै नेपालीलाई भाषा र संस्कृतिको माध्यमबाट जोड्नुपर्ने : सभामुख

**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिनिधीसभाका सभामुख देवराज घिमिरेले नेपालीमूलका सबै नागरिकलाई नेपाली भाषा र संस्कृतिका माध्यमबाट जोड्नुपर्ने बताएका छन् ।

एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) को प्रतिनिधिमण्डलसँग सोमबार सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा भेट गर्दै सभामुख घिमिरेले नेपालीमूलका नागरिकहरु कैयौं पुस्तादेखि नै संसारमा छरिएका रहेकाले उनीहरुले आर्जन गरेको सीप, ज्ञान र पुँजी मातृ तथा पितृभूमि नेपालका लागि खर्च गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका हुन् ।




उनले विदेशमा रहेका नेपाली तथा नेपालीमूलका नागरिकहरु अवैतनिक राजदूत भएको उल्लेख गर्दै नेपालका बारेमा सकारात्मक सन्देश प्रवाह गर्न पनि आग्रह गर्नुभएको एएनओका महासचिव चुडामणि भट्टराईले जानकारी दिएका छन् । एएनओले भाषा तथा संस्कृतिका माध्यमबाट विश्वभर रहेका नेपालीमूलका नागरिकलाई जोड्न गरेको पहल कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्दै सभामुख घिमिरेले विश्वभर रहेका नेपालीमूलका नागरिकहरुको तथ्याङ्क सङ्कलन गरी उनीहरु कहाँ र कसरी रहेका छन् भन्ने बारेमा पनि खोजी गर्न एएनओलाई आग्रह गरे ।

विश्वका २७ देशमा बसोबास गरिरहेका नेपालीभाषीहरुको थाइल्याण्डको बैंककमा गत चैत ६ मा सम्पन्न भेलाले नेपाली जातिलाई एकीकृत गरी नेपाली भाषा र संस्कृतिको संरक्षण गर्न एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) गठन गरेको थियो । त्यस भेटका अवसरमा एएनओका अध्यक्ष डिल्लीराम अधिकारीले यस अभियानलाई नेपाली भाषा, कला, संस्कृतिको दूतका रुपमा संसारभर पुर्‍याउने र यसमार्फत भावी पुस्तालाई नेपालसँग जोड्दै नेपालीपनको जगेर्ना र प्रचारप्रसार गर्ने जानकारी दिएका थिए ।

यसका साथै प्रवासमा बस्ने नेपाली जातिका लगानीकर्तालाई नेपालमै आई लगानी गर्न र आफ्ना पुर्खाको पहिचान जोडिएको देशको शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा लगाउन पनि प्रेरित जानकारी दिए । भेटमा अध्यक्ष अधिकारीसहित उपाध्यक्ष वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त, महासचिव चुडामणि भट्टराई र संस्थापक सदस्यहरु बाबुकृष्ण कार्की, केबी कार्की, ओम गुरुङसहितका पदाधिकारी लगायतका सहभागीता रहेको थियो ।

# समृद्धिमा गुणात्मक आशा जगाएको प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको आर्थिक अवस्थामा सुधार हुँदै समृद्धिमा गुणात्मक आशा जगाएको दावी गरेका छन् ।

नागढुङ्गा सुरूङमार्ग निर्माण आयोजनाको मुख्य सुरूङ 'ब्रेक-थ्रु' भएको अवसरमा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले वर्तमान सरकारले गरेको राजस्व सङ्कलनले आर्थिक सुधारको लय समातेको दावी गरेका हुन् । प्रधानमन्त्री प्रचण्डले आयातित इन्धन घटाउँदै विद्युतीय सवारीमा प्रोत्साहन, सिमेन्ट निर्यातमा भएको महत्वपूर्ण प्रगति, जस्तपाता र स्टीलको निर्यातमा बढोत्तरी,पर्यटक आगमनमा भएको वृद्धि, उपत्यकाबाहिर हाउजिङ र अपार्टमेन्ट व्यवसायको विस्तारले सकारात्मक सन्देश प्रवाह अर्थतन्त्रमा सकारात्मक सन्देश प्रवाह गरेको बताए ।

उनले भारतलगायत तेस्रो मुलुकमा विद्युत् निर्यातको समझदारी र तयारी, सडक पूर्वाधारमा सुरूङमार्गको नयाँ युगमा प्रवेश, रेमिट्यान्समा वृद्धिका कारण बाह्य व्यापारमा सहजता, सूचना-प्रविधिमा अर्बौंको आइटी सेवा निर्यात, स्टार्टअपमा प्रगतिलगायतका आर्थिक परिसूचकहरूले हामीलाई विकास र समृद्धिको नयाँ युगमा प्रवेशका निम्ति महत्त्वपूर्ण ऊर्जा दिएको उल्लेख गरे । प्रधानमन्त्री प्रचण्डले 'केही हुँदैन' भन्ने निराशाजनक भाष्य चिर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको नयाँ मार्गमा ऐक्यबद्धता जाहेर गर्दै राष्ट्रिय उत्साह सिर्जना गर्न अपील गरेका थिए ।

यही वैशाख १६ र १७ गते अन्तर्राष्ट्रिय लगानी सम्मेलनको आयोजना गरिएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले नेपालको विकासमा लगानीका सम्भावनालाई अन्तर्राष्ट्रिय मञ्चमा आगामी सम्मेलनले जोड्ने विश्वास व्यक्त गरे ।



लगानीको वातावरण बनाउनका लागि सरकारले नीतिगत सुधारका कामहरू भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालको आर्थिक विकासका लागि वैदेशिक लगानीलाई प्रोत्साहन र आकर्षित गर्न आवश्यक रणनीतिका साथ अघि बढ्ने सरकारको तयारी रहेको बताए ।

सुरूङमार्ग निर्माणले राष्ट्रिय लक्ष्य प्राप्तिमा ठूलो भूमिका खेल्ने

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सडक पूर्वाधारको निर्माण तथा बिस्तार गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सुरूङमार्ग निर्माणले ठूलो भूमिका खेल्ने बताएका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले पूर्वाधारको क्षेत्रमा सुरुङमार्ग निर्माण महत्वपूर्ण उपलब्धि भएको बताए ।

"सडक सञ्जालको माध्यमबाट अन्तरआबद्धता बिस्तार गरी आवागमनमा सहजता, यातायात लागतमा न्यूनता, भौगोलिक तथा जनसाख्यिक सन्निकटता र प्रादेशिक सन्तुलन कायम गर्नेगरी सडक पूर्वाधारको निर्माण तथा विस्तार गर्ने राष्ट्रिय लक्ष्यमा यस्ता सुरूङमार्ग निर्माणले ठूलो भूमिका खेल्नेछ", प्रधानमन्त्री प्रचण्डले भने ।

सुरूङ निर्माणपश्चात् सुरूङमार्गले उपत्यकाबाट बाहिरिने सडकको अवस्था सुधार गरी यात्राको समय र यातायात सञ्चालन खर्च घटाउने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले ट्राफिक र सडक सुरक्षामा सुधार गरी सङ्घीय राजधानी काठमाडौँ र देशका अन्य प्रमुख सहरबीचको सहज यातायात सञ्जालमा योगदान पुर्‍याउने बताए । "यस सुरूङमार्गलाई आधार मान्दै नेपाली माटो सुहाउँदो सुरूङसम्बन्धी दस्तावेज निर्माण हुनेछ", प्रधानमन्त्री प्रचण्डले भने, "यसले नेपाललाई सुरूङ युगमा पुर्‍याउन महत्त्वपूर्ण योगदान गर्नेछ ।"

उनले आगामी योजनामा राष्ट्रिय राजमार्गहरूमा सुरूङमार्ग, फ्लाइओभर तथा अन्डरपाससहितको आधुनिक सडक सञ्जाल बिस्तार तथा निर्माण गर्ने सरकारको नीति रहने बताए । नयाँ वर्षको सुरूआतसँगै नेपालकै पहिलो सुरूङमार्गको मुख्य सुरूङको 'ब्रेक-थ्रु' गर्ने ऐतिहासिक अवसर प्राप्त भएकोप्रति खुशी व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले पृथ्वी राजमार्गअन्तर्गत नागढुङ्गा क्षेत्रमा हुने गरेको ट्राफिक जाम, उकालो सडक, सडक सुरक्षाका हिसाबले कायम रहेको जोखिम साथै वर्षायाममा हुने पहिरोको उच्च जोखिमलगायतका समस्याहरू समाधान गर्न सुरुङमार्गको कल्पना गरिएको बताए ।

# सञ्चारमाध्यमले सकारात्मक पक्षलाई स्थापित गर्न लाग्नुपर्छ : मन्त्री शर्मा

**दाङ** । सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले सञ्चारमाध्यमले सकारात्मक पक्षलाई जोड दिएर समाचार लेख्नुपर्ने बताउनुभएको छ । नेपाल पत्रकार महासङ्घ दाङले सोमबारदेखि आयोजना गरेको 'मिडिया महोत्सव'को उद्घाटन गर्दै उहाँले सञ्चारमाध्यमले समाजमा रहेका नकारात्मक पक्षलाई प्राथमिकता दिनुभन्दा सकारात्मक पक्षलाई समेट्नुपर्नेमा जोड दिनुभयो ।

नकारात्मक भूमिका निर्वाह गरिरहेका व्यक्ति तथा विषय प्राथमिकतासहित आउँदा त्यसले समाजलाई नकारात्मकतातर्फ लैजाने मन्त्री शर्माले बताउनुभयो । सञ्चारमाध्याममा निराशाभन्दा आशाका कुरा बढी आउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

"समाजमा केही नकारात्मक भूमिका निर्वाह गरिरहेका व्यक्ति पनि हुन्छन् । उनीहरुका विषय प्राथमिकतामा आउँदा समाज नकारात्मकतातर्फ जाने सम्भावना बढी हुन्छ", मन्त्री शर्माले भन्नुभयो, "यसले प्रशासन, पत्रकारितालगायत जुनसुकै क्षेत्रमा राम्रा मान्छे छैनन् भन्ने सन्देश जान्छ । त्यसैले हामीले सकारात्मक विषयवस्तुलाई समाचारमार्फत उजागर गर्न आवश्यक छ ।" सञ्चारमाध्यामले विदेश जान लाइन लागेका व्यक्तिलाई समावेश गरिरहँदा विदेशबाट स्वदेश फर्किएर स्वरोजगार बनिरहेका, कृषि, व्यापार व्यवसाय तथा अन्य पेसाका माध्यमबाट समाजमा उदाहरणीय बनेका व्यक्तिका विषय समावेश नगर्दा युवापुस्तामा विदेश जान प्रेरणा मिल्ने गरेको मन्त्री शर्माको भनाइ छ ।

पत्रकार महासङ्घले मुलुकमा गणतन्त्र स्थापनाका लागि सुरुमा आवाज उठाएको भन्दै यसबाट प्राप्त उपलब्धि जोगाउन महासङ्घको भूमिका महत्वपूर्ण हुने उहाँले बताउनुभयो ।"सञ्चारमाध्यम तथा महासङ्घले गणतन्त्र स्थापनामा अहोरात्र कलम चलाउँदा आज हामी लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा परिचित भएका हौँ", मन्त्री शर्माले भन्नुभयो, "सञ्चारमाध्यमले हाम्रो सङ्घर्ष र उपलब्धिका बारेमा नयाँ पुस्तालाई बुझाउन आश्यक छ ।"

गणतन्त्र स्थापनाका साथै मुलुकमा अल्पसंख्यक, दलित, महिला, जनजाति, पिछडिएको वर्ग सत्ता सञ्चालन गर्ने ठाउँमा पुगेको भन्दै यसलाई जोगाउन सञ्चारमाध्यामले भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "अहिले गलत गर्नेहरु दण्डित भइरहेका छन्", उहाँले भन्नुभयो, "यो गणतन्त्रकै उपलब्धि हो ।" मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनको चरणमा रहे पनि पूर्ण कार्यान्वयन हुन नसकेको भन्दै यसमा सबै राजनीतिक दल एकजुट भएर लाग्नुपर्ने मन्त्री शर्माको भनाइ छ । पत्रकारिता क्षेत्रलाई पुनःसंरचना गर्नु आजको आवश्यकता रहेको भन्दै उहाँले यसका लागि कानुन निर्माण अघि बढिरहेको जानकारी दिनुभयो ।

अहिलेसम्म सञ्चारमाध्यम परम्परागत कानुनहरुबाट सञ्चालन भइरहेका भन्दै मन्त्री शर्माले यसलाई पुनःसंरचना गर्नु अहिलेको अपरिहार्य आवश्यकता भएको बताउनुभयो । प्रेस काउन्सिललाई 'मिडिया काउन्सिल' बनाएर सबै किसिमका सञ्चारमाध्यमलाई व्यवस्थित गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

"आमसञ्चार प्राधिकरणको कानुन पनि अन्तिम चरणमा छ । त्यो गठन भएपछि सञ्चारमाध्यम तथा पत्रकारको क्षमता विस्तारमा महत्वपूर्ण भूमिका खेल्नेछ । साथै सरकारी सञ्चारमाध्यमको पनि पुनःसंरचना हुन आवश्यक छ", सूचना तथा सञ्चार प्रविधिमन्त्री शर्माले भन्नुभयो ।

# झण्झटिलो प्रशासनिक सेवा र भ्रष्टाचार विकासका बाधकः राष्ट्रपति

**तनहुँ** । राष्ट्रपति रामचन्द्र पौडेलले झण्झटिलो प्रशासनिक सेवा र भ्रष्टाचार विकासका बाधक रहेको बताउनुभएको छ । तनहुँको म्याग्दे गाउँपालिका-४ नारिङ्गेमा निर्माण भएको गाउँपालिकाको प्रशासनिक भवनको सोमबार उद्घाटन गर्नुहुँदै राष्ट्रपति पौडेलले झण्झटिलो प्रशासनिक सेवालाई सहज र सरल बनाउँदै भ्रष्टाचार अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रपति पौडेलले भन्नुभयो, "व्यवस्था फेरिएपनि अवस्था फेरिएन भन्नेहरुका लागि एकातिर विकासका गतिलाई तीव्रता दिनुछ भने अर्कोतर्फ सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउनुको विकल्प छैन ।"

राष्ट्रपति पौडेलले समृद्ध र समुन्नत म्याग्दे बनाउने योजनालाई जनप्रतिनिधि, कर्मचारी र गाउँवासीले सहकार्य गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गर्नुभयो । सवैधानिक व्यवस्थाअनुसार स्थापित गणतान्त्रिक नेपालको महत्वपूर्ण आधार संरचना स्थानीय तह भएकाले जनताका आकाङ्क्षा पूरा गर्नेतर्फ दृढ रहन उहाँले आग्रह गर्नुभयो ।

विगतमा सिहंदरबारमा केन्द्रिकृत शासन व्यवस्थालाई घरदैलोमा नै ल्याएर सेवा सुविधा दिने स्थानीय तह शासन प्रणालीको बलियो आधार भएको उहाँको भनाइ थियो । स्थानीय तहका जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउँदै उहाँले भन्नुभयो, "देशका कतिपय स्थानीय तहमा भौतिक पूर्वाधार तयार हुन नसकेका बेला यस गाउँपालिकाले आवश्यक जग्गाको व्यवस्थापन गरी सेवासुविधालाई सहज र प्रभावकारी बनाउन सुविधासम्पन्न प्रशासकीय भवन बनाएकामा म धन्यवाद भन्न चाहन्छु ।"

उहाँले स्थानीय सरकार र जनप्रतिनिधि जति जनतामुखी, लोककल्याणकारी, जनउत्तरदायी भए त्यति स्थानीय जनताको आकांक्षा र आवश्यकता पूरा गर्न सक्षम हुने र त्यति नै हाम्रो शासन व्यवस्थाले परिकल्पना गरेको लक्ष्य साकार हुने बताउनुभयो । उहाँले कर्म गर्न र निराश नहुन आम




नागरिकलाई अपिल गर्दै विस्तारै विकासका सम्भावनाहरूले देश प्रगतिको बाटोमा अघि बढिरहेकोमा विश्वस्त हुन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले कर्म गर्ने हो, निराश हुने होइन । नेपालमा विकासको अपार सम्भावना छ र हामी चारैतिरबाट विस्तारै विकासको बाटोमा अगाडि बढ्दैछौँ ।"

राष्ट्रपति पौडेलले पर्याप्त र सक्षम जनशक्ति विकासगरीसेवालाईछिटोबनाउनगाउँपालिकाका सबै सरोकारवाला दत्तचित्त लाग्नेमा आफू विश्वस्त रहेको बताउनुभयो । गाउँपालिकाका उर्वर भूमि, खोलानाला, पाखापखेराले यसको प्राकृतिक रमणीयलाई मुखरित गरेको बताउँदै गण्डकी प्रदेशको केन्द्र पर्यटकीय राजधानीको नजिकै रहेको म्याग्दे गाउँपालिकामा आउन पाउनु आफ्ना लागि अहोभाग्य ठानेको उहाँले उल्लेख गर्नुभयो । अकला र किल्चोक जस्ता धार्मिक स्थलले यहाँको धार्मिक महिमा बढाएको उहाँको भनाइ थियो ।

उहाँले बन्दै गरेको सेती जलाशय परियोजना, अबको योजनामा रहेको तल्लो सेती हाइड्रो, स्तरोन्नति हुँदै गरेको पृथ्वीराजमार्गलगायतका पूर्वाधारले विसतारै सबैतिरबाट सुविधा थपिदै गएको र गिरिजाप्रसाद श्वासप्रश्वास केन्द्रलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा विकास गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपालको संवैधानिक व्यवस्थाअनुसार स्थापित सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको महत्वपूर्ण संरचना र आधारस्तम्भका रुपमा रहेका स्थानीय तहहरू हाम्रो जनताका आकांक्षा पूरा गर्ने सरकार अर्थात सिंहदरबार हुन् भन्दै उहाँले विगतमा सिंहरबारमा केन्द्रिकृत शासनप्रणालीलाई विकेन्द्रित गरी जनताको घरदैलोमा सेवा सुविधा दिने र जनताका दैनिक कार्यसम्पादनलाई सहज, सरल र प्रभावकारी ढङ्गले पूरा गर्ने स्थानीय निकाय हाम्रो शासन प्रणालीको एउटा बलियो आधार भएको स्पष्ट गर्नुभयो ।

"हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्दा स्वीट्जरल्याण्डको जस्तो 'स्वशासन' र महात्मा गान्धीले कल्पना गरेजस्तो 'स्वराज' को सोच अगाडि राखेर नयाँ राज्य संरचना तर्जुमा गरेका हौँ", उहाँले भन्नुभयो, "आज ती सोचहरूले कति साकार रूप लिन गइरहेका छन् र लिनसक्ने हुन् भन्ने कुरा अधिकार प्रत्यायोजनका क्रममा केन्द्रीय सरकारको उदारता एवं लचकता र स्थानीय सरकारको ग्रहणशीलता तथा क्षमतामा बढी निर्भर रहन्छ भनेर म सबैलाई सुझाउन चाहन्छु ।"

श्रमको सम्मान गर्ने संस्कृतिको विकास आवश्यक रहेको बताउँदै उहाँले कृषि र पर्यटनबाटै यस क्षेत्रको आर्थिक समृद्धिको ढोका खोल्नेमा विश्वस्त रहेको चर्चा गर्नुभयो । संविधानको भावना र सङ्घीयताको मर्मअनुरुप विकासका कामलाई नतिजामुखी बनाउनुपर्ने राष्ट्रपति पौडेलले जोड दिनुभयो ।

सो अवसरमा राष्ट्रपति पौडेलले भवन निर्माणका लागि जग्गा दान दिने दाताहरुलाई सम्मान गर्नुभएको थियो । रु छ करोडको लागतमा गाउँपालिकाको प्रमुख प्रशासनिक भवन निर्माण गरिएको हो । हालसम्म भाडाको घरमा सञ्चालन हुँदै आएको गाउँपालिकाले आफ्नै भवन निर्माण गरी सेवा प्रवाह शुभारम्भ गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उक्त भवन निर्माणको काम विसं २०७७ असोजबाट सुरु भएको थियो । दुई वर्षभित्र निर्माण गर्ने लक्ष्य राखिएपनि विविध कारणवश काममा ढिलाइ भएको उहाँको भनाइ छ ।

जिल्ला समन्वय समिति तनहुँको कोषमार्फत् प्राप्त भएको रकम र आन्तरिक स्रोतबाट भवन निर्माण गरिएको हो । सात वडा रहेको गाउँपालिकाका सबै वडा कार्यालयका आफ्नै भवन छन् ।विसं २०७६ फागुन २७ गतेको गाउँसभाको निर्णय बमोजिम गाउँपालिकाको केन्द्रसहित भवन निर्माण गर्ने गरी म्याग्दे गाउँपालिका-४ नारिङ्गेलाई निर्धारण गरिएको थियो । भवन निर्माणका लागि लालपूर्जाभित्रको कित्ता नं ५२ क्षेत्रफल एक रोपनी एक आना तीन पैसा तीन दाम जग्गा निःशुल्क प्राप्त भएको थियो भने ८० रोपनी १४ आना तीन पैसा जमिन सार्वजनिक रहेको छ ।

विसं २०७७ असोज ५ गतेको कार्यपालिकको बैठकले गाउँपालिकाको भवन निर्माणका लागि माटो परीक्षणका लागि कटेरो इन्जिनियरिङ कन्सल्टेन्सीलाई जिम्मा दिएको थियो । भवन निर्माणको डिपिआर बनाउने जिम्मा भने रेस इन्जिनियरिङले पाएको थियो । कटेरो इन्जिनियरिङले गरेको माटो परीक्षण अनुसार उक्त ठाउँमा चार तलासम्म भवन निर्माण हुन सक्ने देखिएको थियो ।रासस

# साइबर जासुसी र जोखिम व्यवस्थापन कम गर्न 'प्रोटिभिटी' र 'साइफिरमा' को सक्रियता

**एएनआई**

सिङ्गापुर । विशेषज्ञ अन्तर्दृष्टि र अनुकूल समाधानहरू प्रदान गर्नका लागि प्रख्यात विश्वव्यापी परामर्श फर्म 'प्रोटिभिटी' र बाह्य खतरा ल्यान्डस्केप व्यवस्थापन र साइबर जासुसीमा रणनीतिक सहकार्यको घोषणा गर्न पाउँदा खुसी भएको छ।

गहिरो विशेषज्ञता, वस्तुगत अन्तर्दृष्टि, एक अनुकूल दृष्टिकोण र अतुलनीय सहयोग प्रदान गर्ने प्रोटिभिटी एउटा विश्वव्यापी परामर्श फर्म हो। ग्राहकहरूलाई उनीहरूको बाह्य खतराहरूमा निरन्तर र व्यापक सुरक्षा प्रदान गरेर साइबर सुरक्षा र जोखिम व्यवस्थापनमा प्रोटिभिटीले क्षमताहरू सक्षम बनाएको छ।

बाह्य खतरा परिदृश्य व्यवस्थापन प्लेटफर्म कम्पनी 'साइफिरमा' को बौद्धिकता-नेतृत्वको दृष्टिकोण प्रयोग गर्दै प्रोटिभिटीले रणनीतिक रोडम्यापहरू निर्माण गर्ने गरेको छ । यसबाट ग्राहकहरूलाई व्यवसायको वृद्धिलाई ड्राइभ गर्दै विकसित साइबर खतरा परिदृश्य नेभिगेट गर्न सक्षम गर्दछ ।यस युगमा साइबर सुरक्षा व्यवसाय लचिलोपनको अभिन्न अङ्ग हो । सङ्गठनहरूले साइबर जोखिमहरू प्रबन्ध गर्न अभूतपूर्व चुनौतीहरूको सामना गरेको छ । यसबाट उनीहरूको वृद्धि प्रक्षेपणहरूलाई प्रभाव पार्ने सम्भावना हुन्छ।

द्रुत-विकसित खतरा परिदृश्यका साथ सुरक्षा रणनीतिहरू भएका साइबर डिफेन्डरहरूले साइबर जोखिम व्यवस्थापन गर्ने कार्यको सामना गर्छन् । साइफिरमाको प्लेटफर्मबाट लाभ उठाएर प्रोटिभिटीले ग्राहकहरूलाई चुस्त र बलियो साइबर सुरक्षा रणनीतिहरू प्रदान गरिएको एपीएसी लीड अफ टेक्नोलोजी कन्सल्टिङ सोलुसन




(प्रोटिभिटी हङकङ) का प्रबन्ध निर्देशक माइकल पाङ्ले बताउनुभयो। वर्तमान साइबर-आक्रमणकारीहरूले आक्रमणको विधिहरू निरन्तर परिवर्तन गरिरहेकोले साइबर आक्रमण सम्बन्धी भविष्यवाणी गर्न गाह्रो भएको छ।

यससँग लड्नका लागि साइबर आक्रमणकारीहरूको गहिरो अन्तर्दृष्टि प्राप्त गर्नु महत्त्वपूर्ण रहेको छ । गठबन्धनले ग्राहकहरूलाई उनीहरूको बाह्य खतरा परिदृश्यलाई अझ राम्ररी बुझ्न र व्यवस्थापन गर्न प्रोटिभिटीको साइबर सुरक्षा सल्लाहकार अनुभव र साइबर-जोखिम जासुसी प्लेटफर्मलाई संयोजन गर्दछ । सामूहिकरूपमा अधिकारीहरूलाई उनीहरूको साइबर सुरक्षा जोखिमहरू कम गर्न र उनीहरूका उपायहरूलाई प्रतिक्रियाशीलबाट सक्रियमा बदल्न मद्दत गर्नका लागि अझ राम्रोसँग सुसज्जित गरेको छ।

साइफिरमाका संस्थापक तथा कार्यकारी अधिकृत कुमार रितेशले हालको खतरा परिदृश्यमा जासुसीको महत्त्वपूर्ण भूमिकालाई जोड दिनुभयो। "हाल बढेको साइबर जोखिम व्यवसायहरूले सामना गरिरहेको र बाह्य खतरा परिदृश्यको निरन्तर निगरानीले रक्षकहरूलाई नयाँ दृश्यता प्रदान गरेको छ।प्रोटिभिटीले साइफिरमा डेसिफिर प्लेटफर्मको लाभ उठाउने गरेको छ। यसमा साइबर आक्रमणको सतह, कमजोरीहरू, ब्रान्ड, डिजिटल जोखिम, स्थितिगत जागरूकता र तेस्रो-पक्ष जोखिमको समग्र रूपमा विश्लेषण गरिन्छ र साइबर-इन्टेलिजेन्स प्रस्तुत गरिन्छ।

साइफिरमाले डेसिफिरको अन्तर्दृष्टि प्रोटिभिटी र उनीहरूका ग्राहकहरूका लागि दुवै रणनीतिक उद्देश्यहरू सेवा गर्नेछ। अन्तर्दृष्टिहरूले प्रोटिभिटीलाई ग्राहकहरूलाई अँध्यारो, गहिरो र सतही वेबहरूबाट प्राप्त वास्तविक-समयको बुद्धिमत्ता प्रयोग गरेर उनीहरूलाई सम्भावित साइबर आक्रमणहरूमा प्रारम्भिक चेतावनी दिँदै र जोखिमलाई सक्रियरूपमा सुधार गर्ने सल्लाह दिन अनुमति दिनेछ।

यो पद्धतिले साइबर सुरक्षा रणनीति अनुकूलन, चुस्त र साइबर खतराहरूको गतिशील प्रकृतिसँग मिल्दोजुल्दो रहेको सुनिश्चित गरेको छ।साइफिरमा र प्रोटिभिटीबीचको सहकार्य तुरुन्तै प्रभावकारी हुन्छ । दुवै संस्था यस सम्बन्धले आफ्ना ग्राहकहरूको साइबर सुरक्षाको लचिलोपनमा पार्ने सकारात्मक प्रभावप्रति उत्साहित रहेको र सुरक्षित व्यापार वृद्धिको लागि मार्ग प्रशस्त गरेको छ।

# एसिसी प्रिमियर कपमा नेपाललाई जीतको हेट्रिक




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसिसी पुरुष प्रिमियर कप टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। सोमबार भएको खेलमा हङकङलाई हराउदै नेपाल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । ओमानको अल इमिरेट्स क्रिकेट मैदानमा सोमबार भएको खेलमा नेपालले हङ्कङलाई आठ विकेटले पराजित गरेपछि समूह चरणको एक खेल अगावै समूह 'ए'बाट सेमिफाइनमा पुगेको हो।

प्रतियोगितामा ६ अङ्क बटुल्दै नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ । यसअघि नेपालले पहिलो खेलमा मलेसियालाई पाँच विकेटले पराजित गरेको थियो भने दोस्रो खेलमा कतारलाई ३२ रनले हराएको थियो । जितका लागि हङकङले दिएको एक सय १५ रनको लक्ष्य नेपालले १२ दशमलव २ ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो । नेपालका लागि आशिफ शेखले सर्वाधिक ४० रन बनाए। उनले १८ बलमा तीन छक्का र तीन चौका प्रहार गरे। त्यसैगरी कुशल भुर्तेलले १९ बलमा तीन चौका र दुई छक्काको मद्धतले ३२ रन जोडे।

कप्तान रोहित पौडेलले २० बलमा तीन चौकाको मद्धतमा अविजित २५ रन जोडे भने सन्दीप जोराले १७ बलमा एक चौका र एक छक्काको सहयोगमा अविजित १९ रन बनाए । हङकङका इसान खान र यासिम मुर्तजाले समान एक/एक विकेट लिए। टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित १७ दशमलव पाँच ओभरमा सवै विकेट गुमाउदै एक सय १४ रनको योगफल बनाएको थियो। हङकङका लागि अन्स्या रथले सर्वाधिक ३४ रनको योगदान दिए । उनले २६ बलमा चार चौका र एक छक्का प्रहार गरे।

त्यस्तै जिसन अलिले १४ रन बनाउदा कप्तान निजकात खानले १२ रन बनाए । त्यस्तै इसान खानले ११ रन बनाउँदा त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ नेपालका अभिनास बोहोराले तीन विकेट लिए भने ललित राजबंशी र दीपेन्द्रसिह ऐरीले समान दुई/दुई विकेट लिए । त्यस्तै करण केसीले एक विकेट झारे । नेपालले समूह चरणको अन्तिम खेल यही वैशाख ५ गते साउदी अरेबियासँग खेल्नेछ।

# अमेरिकालाई थप फिलिपिन्स सैन्य अड्डामा पहुँच दिन मार्कोसद्वारा अस्वीकार

**एएफपी**

मनिला । फिलिपिन्सका राष्ट्रपति फर्डिन्यान्ड मार्कोसले सोमबार अमेरिकालाई थप फिलिपिन सैन्य अड्डासम्म पहुँच नदिइने बताउनुभएको छ । अमेरिका, जापान र फिलिपिन्सबीच त्रिपक्षीय सम्मेलनको केही दिनपछि मार्कोसको उक्त टिप्पणी आएको हो। सम्मेलनमा विवादित दक्षिण चीन सागरको तनाव एजेन्डाको शीर्षमा रहेको थियो।

जलमार्ग र ताइवानको नजिक भएका कारण फिलिपिन्स क्षेत्रीय गठबन्धनलाई बलियो बनाउने अमेरिकी प्रयासहरूमा एउटा प्रमुख केन्द्र हो । ताइवानलाई चीनले आफ्नो भूमि भएको दाबी गर्दछ। मनिलाले गत वर्ष इडिसिए भनेर चिनिने सन् २०१४ को इनहान्स्ड डिफेन्स कोअपरेसन एग्रिमेन्टअन्तर्गत सहमत भएका पाँच मध्ये अमेरिकी सेनालाई प्रयोग गर्न अनुमति दिने शीर्ष चार वटा सैन्य अड्डाको घोषणा गरेको थियो । यो सम्झौताले अमेरिकी सेनालाई रक्षा उपकरण र आपूर्तिलाई घुमाउन र भण्डारण गर्न अनुमति दिन्छ।



थप इडिसिए साइटका बारेमा सोधिएको एएफपीको प्रश्नमा मार्कोसले भन्नुभयो, "यसको उत्तर छैन, फिलिपिन्सको थप इडिसिए आधार खोल्ने वा स्थापना गर्ने कुनै योजना छैन।" उहाँले फिलिपिन्सका विदेशी पत्रकार सङ्घसँगको मञ्चमा आफ्नो टिप्पणी व्यक्त गर्नुभएको हो । मञ्चमा फिलिपिन सेनाका सदस्य र विदेशी कूटनीतिहरू सहभागी हुनुहुन्थ्यो।

गत साताको त्रिपक्षीय बैठकमा अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो सन्धि सहयोगी मनिलाको रक्षाका लागि वासिङ्टको 'दृढ समर्थन' को प्रतिबद्धता दोहोर्याउनुभयो।यद्यपि दुवै मुलुकबीच जटिल इतिहास छ र हालैका वर्षहरूमा दुवै मुलुकबीच सम्बन्धमा उतारचढाव देखिएको छ। तर पनि उनीहरू सन् १९५१ को पारस्परिक रक्षा सन्धिमा बाँधिएका छन्।

बाइडेन प्रशासनका शीर्ष अधिकारीहरूले दक्षिण चीन सागरमा कतै पनि फिलिपिनको सार्वजनिक जहाज, विमान, सशस्त्र बलहरू वा तटरक्षकहरूविरुद्ध 'सशस्त्र आक्रमण' सन्धिलाई लागु गर्ने बारम्बार दोहोर्याउँदै आएका छन्।

हालैका वर्षमा तनावपूर्ण बनेको सम्बन्धलाई दुवै मुलुकले सुधार ल्याउने प्रयास गर्दा गत वर्ष इडिसिएको विस्तार भएको थियो।

# म्यान्मामा रकेट आक्रमणमा चारको मृत्यु, १२ घाइते

**सिन्ह्वा**

याङ्गुन । मध्य म्यान्मारको माण्डाले क्षेत्रको पिन ऊ ल्विनमा भएको रकेट आक्रमणमा चार जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको म्यान्माको राज्य प्रशासन परिषद्को सूचना टोलीले सोमबार जनाएको छ।



माण्डाले क्षेत्रको पिन ऊ ल्विन सहरमा आइतबार राति आक्रमणकारीहरूले सहरलाई निशाना बनाई ११ वटा रकेट प्रहार गरेका थिए। पिन ऊ ल्विन जनरल अस्पतालको अर्थोपेडिक वार्ड, होटलसहित धेरै ठाउँमा हमला भएको सूचना टोलीले जनाएको छ।

गुम्बामा भएको आक्रमणका कारण दुई बौद्ध भिक्षुसहित तीन जनाको मृत्यु भएको थियो भने एक जना घाइते भएका थिए । यसैगरी आक्रमणमा पिन ऊ ल्विनको वार्डका एक स्थानीय बासिन्दाको पनि मृत्यु भएको छ।पिन ऊ ल्विन जनरल अस्पतालमा भएको आक्रमणका घाइते बालबालिका, बिरामी र कर्मचारीसहित ११ जनाको उपचार भइरहेको बताइएको छ।

परम्परागत थिङ्गयान वाटर फेस्टिभलका क्रममा गैर-सैन्य लक्ष्यहरूमा भएका आक्रमणहरू सार्वजनिक शान्ति र स्थिरतामा खलल पुऱ्याउने उद्देश्यले आतङ्कारीहरूले गरेको कार्यहरू भएको बताइएको छ।सुरक्षा बलले अपराधीहरूलाई पत्ता लगाउन र पक्राउ गर्न सुरक्षा व्यवस्था कडा गरिरहेको सूचना टोलीले जनाएको छ।

> *माण्डाले क्षेत्रको पिन ऊ ल्विन सहरमा आइतबार राति आक्रमणकारीहरूले सहरलाई निशाना बनाई ११ वटा रकेट प्रहार गरेका थिए। पिन ऊ ल्विन जनरल अस्पतालको अर्थोपेडिक वार्ड, होटलसहित धेरै ठाउँमा हमला भएको सूचना टोलीले जनाएको छ।*

# दक्षिण कोरियाको आइसीटी निर्यात मार्चमा पनि वृद्धि



**सिन्ह्वा**

सोल । दक्षिण कोरियाको सूचना र सञ्चार प्रविधि (आइसीटी) उत्पादनको निर्यात स्थानीय रूपमा निर्मित सेमीकन्डक्टरहरूको ठोस मागका कारण लगातार पाँचौं महिनामा बढेको सरकारी तथ्याङ्कले सोमबार देखाएको छ ।व्यापार, उद्योग र ऊर्जा मन्त्रालयका अनुसार मार्चमा आइसीटी उत्पादन ढुवानी १९ दशमलव चार प्रतिशतले बढेर १८ अर्ब ८२ करोड अर्ब अमेरिकी डलर पुगेको छ।

सेमिकन्डक्टर निर्यात गत महिना ३३ दशमलव नौ प्रतिशतले बढेर ११ अर्ब ६९ करोड डलर पुगेको छ । यो लगातार पाँचौं महिना दोहोरो अङ्कको विस्तार हो ।टेलिभिजन र कम्प्युटरका लागि प्रयोग हुने प्यानलको बलियो मागका कारण डिस्प्ले प्यानल ढुवानी १३ प्रतिशतले बढेर एक अर्ब ६२ करोड डलर पुगेको छ भने मोबाइल फोन निर्यात छ दशमलव छ प्रतिशतले बढेर ८८ करोड डलर पुगेको छ।

कम्प्युटर र पेरिफेरलहरूको ढुवानी २० दशमलव तीन प्रतिशतले बढेर एक अर्ब दुई करोड डलर पुगेको छ भने सञ्चार उपकरणको निर्यात सात दशमलव एक प्रतिशतले घटेर २२ करोड डलरमा झरेको छ ।आइसीटी उत्पादनहरूका लागि आयात एक वर्षअघिको तुलनामा एक दशमलव दुई प्रतिशतले घटेर मार्चमा ११ अर्ब ७० करोड डलर भएको छ । चिप्स, डिस्प्ले प्यानल र मोबाइल फोनका लागि आयात गत महिना बढे पनि कम्प्युटर र पेरिफेरलहरूका लागि आयात भने एकल अङ्कमा घटेको छ।

# इरानी आक्रमणपछि इजराइलको गाजामाथि दबाब बनाउने सङ्कल्प

**एएफपी**

प्यालेस्टिनी अधीनस्थ क्षेत्र । इजराइलले रातभर गाजामा दर्जनौं हवाई आक्रमण गरेको हमासले सोमबार बताएको छ। इजराइली सेनाले भने इरानको अभूतपूर्व आक्रमणपछि आफू युद्धबाट विचलित नहुने बताएको छ । यसबाट यस क्षेत्रमा द्वन्द्वको आशङ्का बढेको छ।

इरानले शनिबार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल आक्रमण गरेपछि विश्व शक्तिहरूले संयमता अपनाउन आग्रह गरेका छन्। यद्यपि इजराइली सेनाले इरानको अधिकांश आक्रमणलाई विफल पारेको बताएको छ। यसै महिनाको प्रारम्भमा दमास्कसमा एउटा घातक आक्रमणको प्रतिशोधमा तेहरानले इजराइलमाथि गरेको पहिलो प्रत्यक्ष आक्रमण सम्पूर्ण क्षेत्रमा महिनौंसम्म भएको हिंसापछि भएको हो । उक्त हिंसामा इरानी 'प्रोक्सी' सहभागी थिए । इजराइलले युद्धग्रस्त गाजा क्षेत्रमा प्यालेस्टिनीहरूको समर्थनमा इरानले काम गरेको बताएको छ।

इजराइली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हगारीले आइतबार राति भन्नुभयो, "इरानको आक्रमणमा पनि हामीले गाजामा आफ्ना बन्धकहरूलाई इरानका प्रोक्सी हमासबाट छुटाउन हाम्रो महत्त्वपूर्ण मिसनलाई एक पल पनि छाडेका छैनौं।"मध्यस्थकर्ताहरूले अक्टोबर ७ मा हमासको आक्रमणबाट सुरु भएको युद्धलाई रोक्नका लागि एउटा सम्झौतामा ध्यान दिएका बेला सुदूर दक्षिणी सहर रफाहमा सेना पठाउने इजराइली योजनामाथि आशङ्काहरू बढेको बताएका छन् । रफाहमा गाजाका २४ लाख मानिसमध्ये अधिकांशले शरण लिएका छन्।

"हमासले अझै पनि गाजामा हाम्रा बन्धकलाई राखेको छ", हगारीले करिब एक सय ३० बन्धकका बारेमा भन्नुभयो। बन्धक बनाइएकामध्ये ३४ जनाको मृत्यु भएको अनुमान गरिएको छ। हमासको आक्रमणपछि उनीहरूले ती बन्धकलाई आफ्नो कब्जामा लिएको इजराइलले बताएको छ । सैन्य प्रवक्ता हगारीले एक ब्रिफिङमा भन्नुभयो, "रफाहमा हाम्रा बन्धक छन् र उनीहरूलाई घर फर्काउन हरसम्भव प्रयास गर्नेछौं।" यस क्षेत्रबाट अधिकांश स्थल सैनिकलाई फिर्ता बोलाएको करिब एक सातापछि सेनाले भनेको छ, "गाजा मोर्चामा परिचालन गतिविधिहरूका लागि करिब दुई वटा रिजर्भ ब्रिगेडलाई बोलाइँदै छ।"

हमास सरकारको मिडिया कार्यालयले इजराइली विमानहरूले मध्य गाजामा रातभरमा 'दर्जनौं' आक्रमण गरेको बताएको छ। घेरिएको क्षेत्रको दक्षिणदेखि गाजा क्षेत्रसम्म तटीय सडकमा इजराइली चेकपोइन्ट पुनः खोलिएको हल्लाले आइतबार हजारौं प्यालेस्टिनीलाई उत्तरतिर जान प्रेरित गर्यो । यद्यपि इजराइलले चेकपोइन्ट खुला भएको भन्ने हल्लालाई अस्वीकार गरेको छ । इरानी आक्रमणपछि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आइतबार आपत्कालीन बैठक बसेको छ । बैठकमा इजराइलले तेहरानविरुद्ध नयाँ प्रतिबन्धका लागि दबाब दिएको छ। महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्व क्षेत्र 'युद्ध' को सङ्घारमा रहेको चेतावनी दिनुभयो।

# सुरक्षा खतराका कारण पेरिस ओलम्पिकको उद्घाटन सर्न सक्छ– म्याक्रोन

**एएफपी**

पेरिस ।फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनले सुरक्षा खतराको अवस्थामा पेरिस ओलम्पिकको उद्घाटन समारोह सिन नदीबाट राष्ट्रिय रङ्गशालामा सार्न सकिने सोमबार बताउनुभएको छ।

बिएफएमटिभी र आरएमसीसँगको अन्तरवार्तामा उहाँले टोलीहरूलाई सिन नदीमा नौकाहरूमा विहार गराउनुको सट्टा उद्घाटन समारोहलाई एफिल टावरबाट नदीपारि 'ट्रोकाडेरो' भवनसम्म सीमित गर्न सकिने र स्ट्याड डि फ्रान्समा पनि स्थानान्तरण गर्न सकिने बताउनुभयो।

मुख्य रङ्गशालामा खेलहरू उद्घाटन गर्ने परम्परालाई तोड्दै पेरिस आयोजकहरूले ओलम्पिक इतिहासमा अभूतपूर्व समारोहको आयोजना बनाएका छन् । यद्यपि युक्रेन र गाजामा युद्ध सुरु भएपछि आयोजकहरूले जुलाई २६ मा हुने उद्घाटन समारोहलाई लक्षित गरी कुनै भिन्नै स्थानमा सार्न सकिने भन्ने कुरालाई अहिलेसम्म अस्वीकार गरेका छन्। "यो उद्घाटन समारोह विश्वमा सबैभन्दा पहिलो हो, हामी यो गर्न सक्छौं र गर्न गइरहेका छौं", राष्ट्रपति म्याक्रोनले भन्नुभयो, "तर प्लान बि र प्लान सि छ जसमा समारोहलाई पेरिसको उत्तरमा स्टेड डि फ्रान्समा सार्ने समावेश छ, हामी वास्तविक समयमा यसको विश्लेषण गर्नेछौं।"

उहाँले खेलका क्रममा ओलम्पिक युद्धविरामका लागि 'हरसम्भव प्रयास' गर्ने बताउनुभयो। युद्धविराम ओलम्पिकको समयमा शान्ति कायम गर्ने ऐतिहासिक परम्परा हो । "हामी ओलम्पिक युद्धविरामको दिशामा काम गर्न चाहन्छौं र यो मेरा लागि हाम्रा धेरै साझेदारहरूसँग संलग्न हुने अवसर भएको मलाई लागेको छ।"

# विश्व कला दिवसः कला बजारकै चिन्ता

**काठमाण्डु ।** पाका चित्रकार किरण मानन्धरले कला क्षेत्रबाटै नाम कमाउनुभयो । आफ्नो परिचय स्थापित गर्नुभयो । अनि दाम नि ? यो प्रश्न उहाँलाई सधैको 'जोक' जस्तै लाग्छ रे । उहाँ यसको एउटै उत्तर दिने गर्नुहुन्छ, "कला अमूल्य छ ।" उहाँले भने जस्तै कला बहुमूल्य छ । कलाकारको मेहनत र सिर्जनाको मोलतोल गर्न कठिन छ । तर, बाँच्नकै लागि कला सिर्जना गर्ने कलाकारले कलाको मूल्य नराख्न सम्भव पनि छैन ।



कलाकार एससी सुमन भने कलाको मोल उसको मेहनतले झल्काउने बताउनुहुन्छ । आज विश्व कला दिवसका अवसरमा उहाँ बिहान ५ बजे नै 'क्यानभास' कोर्न सुरु गर्नुभयो । दिवस मनाउनु भनेको कामै नगरी बस्नु होइन भन्ने उहाँको सोच छ । यसै महिनामा एकल चित्रकला प्रर्दशनीको तयारीमा रहनुभएका उहाँ समसामयिक मिथिला कला चित्रकारको रुपमा प्रख्यात हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कलाकारले जति मेहनत र धैर्यता राख्छ उति अमूल्य हुन्छ ।" यद्यपि पछिल्लो युवा पुस्तामा संघर्ष नै नगरी सफलताको आश गर्ने प्रवृत्ति देख्दा उहाँ खिन्न हुनुहुन्छ ।

कलाकार मनिष लाल श्रेष्ठले कला संरक्षण गर्न र व्यवसायिक बनाउन आफ्नै घरमा ग्यालरी सञ्चालन गर्दै आउनुभएको छ । ललितपुरस्थित 'एमक्यूब' ग्यालरी सञ्चालन गर्दै आउनुभएका उहाँ विगत केही वर्ष यता कला क्षेत्रको बजार खस्किएको अनुभव सुनाउनुहुन्छ । उहाँका अनुसार विगतमा ८० प्रतिशत नेपाली कलाकारले चित्र किन्दथे भने अहिले ८० प्रतिशत विदेशी पर्यटकको भरमा ग्यालरी धानिएको छ । नेपाली कलाका पारखी नेपाली नै हुनुपर्छ भन्ने कलाकार मनिषको मान्यता छ । "स्थानीय ग्राहक भए कलाको संरक्षण हुनुका साथै व्यापारमा स्थायित्व रहन्छ," उहाँ भन्नुहुन्छ, "विदेशी हुँदासम्म मात्रै किन्ने हुन्, नहुँदा के गर्ने ?"

चित्रकार नरबहादुर विक सधै आयआर्जनकै लागि मात्रै चित्र कोर्नुहुन्न । समाजप्रतिको उत्तरदायित्वले पनि चित्र कोर्ने गरेको उहाँको भनाइ छ । यद्यपि चित्र बनाउँदा जुन मेहनत खर्चनुहुन्छ त्यसअनुरुप आम्दानी भने नहुने उहाँले सुनाउनुभयो । "चित्र बिक्री गर्न निकै गाह्रो छ, त्यसैले कला र व्यापार दुवैका लागि काम गर्ने गरेको छु", उहाँले भन्नुभयो ।

ग्यालरीमा चित्र सजिएका छन् । तर, त्यहाँसम्म पुगेर हेरिदिने दर्शक छैनन् । बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीकी सङ्गीता थापाले विगतमा भन्दा यस वर्षमा कला व्यवसायको दृष्टिमा निराश अनुभुति गर्नु परेको बताउनुहुन्छ । "चित्र हेर्ने दर्शक आउन छाडे, आर्थिक मन्दीको प्रभाव ललितकला क्षेत्रमा परेको छ", उहाँले भन्नुभयो ।

कलाकार एवं आकार आर्ट ग्यालरीकी प्रमुख अनिता भट्टराईले कलाको व्यवसायिकरण गर्ने शैली परिर्वतन गर्न जरुरी रहेको बताउनुभयो । छिमेकी मुलुक चीन, भारत जस्ता देशमा कलाको रचनात्मक प्रवर्द्धन भएको उहाँको बुझाइ छ । "कला बिकाउने नीति ल्याउनुपर्छ", उहाँ भन्नुहुन्छ, "घरको भित्तादेखि बजारमा पाइने सामग्रीको उत्पादन समेत कलाले भरिएको हुन्छ ।" विभिन्न देश भ्रमण गरेर कलाको महत्व अवलोकन गर्नुभएकी उहाँले अन्तराष्ट्रिय विमानस्थलमा मात्रै चित्र, मूर्ति कलाले सजाउन सके कलाकारको महत्व बझ्ुाउन सकिने उहाँ बताउनुहुन्छ ।

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरी सञ्चालक संगीता थापाले आर्थिकमन्दीका कारण ग्यालरी नै धान्न मुस्किल परेको सुनाउनुभयो । विगत ३६ वर्षदेखि ग्यालरी सञ्चालन गर्दै आउनुभएका उहाँसँग कुनै बेला एक वर्षमा २० पटक चित्रकला प्रर्दशन गरेको अनुभव छ । सो संख्या अहिले घटेर १२ मा सीमित भएको छ ।

अहिले त ग्यालरीमा दर्शक आउनुमा पनि खुसी व्यक्त गर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ । बजारमा कला किन्ने संस्कार नै कम भएको बेला आर्थिक स्थिति खस्किएपछि कसले 'आर्ट' किन्छ ? भन्ने विषयमा कलाकार र ग्यालरी सञ्चालक चिन्तित छन् ।प्राचीनकालदेखि नै मनोरञ्जनकाप्रारम्भिकक्षेत्ररङ्गमञ्च र चित्रकला हुन् । मल्लकालमा राज दरबारमा अभिनयको जुन आर्कषक हुन्थ्यो, उत्तिकै चित्रकलाको महत्व थियो । अहिले परिस्थिति बदलिएको छ । रङ्गमञ्चमा युवाहरुले नाटक घर खोलेर उत्साहका साथ सञ्चालन गरिरहेका छन् । त्यही उत्साह चित्रकलामा भने कम देखिन्छ ।

कला समीक्षक एवं चित्रकार रमेश खनालका अनुसार कला बनाउने मात्रै होइन बचाउने नीति सोच्नुपर्ने स्थिति आएको छ । उहाँले लाजिम्पाटस्थित आफ्नै घरमै 'अरुपर्ण' आर्ट ग्यालरी सञ्चालन गर्दै आएनुभएकोछ । भाडा तिर्न नपर्ने ग्यालरीमात्रै टिक्न सक्ने अहिलेको स्थिति रहेको उहाँको अनुभव छ । ग्यालरी बचाउन चित्रकला सिकाउने, प्रशिक्षण दिने लगायतका अरु सहायक काम समेत गर्नुपर्ने उहाँको सुझाव छ । विशुद्ध चित्रै बेचेर ग्यालरी धान्न कठिन छ ।

कसले किन्छ चित्र ?

कला समीक्षक रमेश भन्नुहुन्छ, "चित्र किन्ने उद्योग हो ।" भोको पेटले चित्र बुझ्दैन । त्यसैले देशमा उद्योग धन्दा जति फस्टाउदै र सप्रिदै जान्छ, उति कला रोजाइमा पर्छ । नेपाली कलाकार, ग्यालरी सञ्चालक र सरकारले समेत चित्र किन्ने आर्कषक नीति बनाउन आवश्यक रहेको उहाँको तर्क छ । जोसँग पैसा छ, त्यसलाई हामीले आर्कषण गर्न सकेनौं । जसले कला बुझेको त्यसलाई आर्कषण गर्नुपर्छ । संस्थागत रुपमा पनि पैसा छ । "जस्तै बैंकसँग पैसा छ, बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ)हरुलाई कहिल्यै ग्यालरीसम्म ल्याउन सकिएन, त्यस्तै, हाउजिङ सञ्चालकलाई ग्यालरी बुझाउन सकेनौं । यिनै आधारबाट कला बच्ने हो", उहाँले भन्नुभयो ।कला मानव सभ्यतासँगै जोडिएको छ । नेपाली चित्रकलाको इतिहास हेर्ने हो भने, पौभा, मण्डला, पाटा(बेरुवा चित्र) तथा भित्ते चित्रहरु बनाउदै कलाको विकास भएको हो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको एक अध्ययन अनुसार नेपाली छाने तले शैलीका मन्दिर, शिखर शैलीका मन्दिर, स्तुपा, विहारहरु, वास्तुकलाका प्रतीक हुन् । यस्तै मानवीय जनजीवनसँगै विकसित हुँदै गएको कला राणाकालीन समयमा आउदा अलि फरक देखियो । यस कालमा नेपाली कलाको इतिहासमै छायाँचित्र बनाउने कला उत्कर्षमा पुगेको थियो । राणाहरुले सिकार गर्दाका दृश्य र भ्रमण गर्दा देखेका दृश्य कलामार्फत चित्रमा उतार्न लगाउन थालेको पाइन्छ । प्रजातन्त्रको उदसँगै कलामा पाश्चायत संस्कृतिका प्रभाव देखा परेको कला समीक्षक बताउँछन् ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केलीले नेपालमा कलाको विकास तीव्रगतिमा भइरहेको दाबी गर्नुहुन्छ । "कलाको क्षेत्रमा हामी अरु देशभन्दा अगाडि बढिरहेका छौं", उहाँ भन्नुहुन्छ, "सीमित स्रोत र साधानमाझ प्रतिष्ठानले अध्ययन अनुसन्धानमा सक्रिय हुँदै कलाकारलाई उत्साहित बनाउँदै आएकोछ ।" प्रतिष्ठानले कार्यथालेमै कला कार्यशाला आयोजना गरी गरेर सोमबार विश्व कला दिवस मनाएको छ ।रासस

# स्ट्रबेरीखेतीबाट आम्दानी



**नवलपरासी ।** नवलपरासी (बर्दघाट सुस्तापूर्व) कावासोती नगरपालिका-७ का सुदीप दवाडीले तीन वर्षदेखि स्ट्रबेरीखेतीबाट राम्रो आम्दानी लिइरहनुभएको छ ।जिल्लामै पहिलो पटक व्यावसायिक स्ट्रबेरीखेती सुरु गर्नुभएका दवाडीले वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । पहिलो वर्ष दुई लाख लगानीमा सुरु गरेको स्ट्रबेरीखेतीले राम्रो आम्दानी दिन थालेको उहाँले बताउनुभयो ।

"यो सिजनमा छ क्विन्टल बढी स्ट्रबेरी स्थानीय बजारमा बिक्री गरिसकेको छु", उहाँले भन्नुभयो, "प्रतिकिलो छ सयका दरले बारीबाट बिक्री भएको छ, अझै बिक्रीका लागि तयार हुँदैछन् ।" तराईमा स्ट्रबेरीखेती हुन्छ र यसबाट आम्दानी गर्न सकिन्छ भन्ने धेरैलाई थाहा छैन । दवाडीले तराई भूभागमै स्ट्रबेरीखेती गरेर आम्दानी लिइरहनुभएको छ । उहाँले रोपेको बिरुवामा अहिले स्ट्रबेरी लटरम्म फलेका छन् ।"प्लास्टिक टनेलमा मल्चिङ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउन थोपा सिँचाइको व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो, "स्थानीय बजारसँगै बाह्य क्षेत्रबाटसमेत माग आउन थालेको छ, बारीमै आइ टिपेर लैजाने ग्राहक प्रशस्त आउने गरेका छन् ।"

दवाडीले दुई कठ्ठा क्षेत्रफलमा स्ट्रबेरी लगाउनुभएको छ । हालसम्म तीन लाख बढी आम्दानी गरिसकेको र अझै स्ट्रबेरी बिक्री गर्न बाँकी रहेकाले आम्दानी बढ्ने दवाडीको अनुमान छ । "इन्टरनेटका माध्यमबाट खेती गर्ने तरिका सिक्यौँ, कृषि विज्ञको सल्लाह लिएर प्लास्टिक टनेलमा चितवनबाट पहिलो वर्ष आठ सय स्ट्रबेरीका बोट ल्याई रोपेका हौँ", उहाँले भन्नुभयो, "यसरी फस्टाउने कल्पना नै गरेका थिएनौँ अहिले दुई हजारभन्दा बढी स्ट्रबेरीका बिरुवा लगाएका छौँ ।"

एउटै बोटमा एक किलोसम्म स्ट्रबेरी फल्ने गरेको छ । आफ्नो घरपरिवारसँगै एक जनालाई रोजगार दिएको दवाडी बताउनुहुन्छ । स्ट्रबेरीका नयाँ बिरुवा तयार गरी नर्सरीसमेत बनाइएको छ । उत्पादन भएको सबै फल बिक्री नभएमा प्रशोधन गरी जाम, रस, आइसक्रिम, मिल्क सेक बनाइ बजारमा बेच्न मिल्ने भएकाले जोखिम कम रहेको उहाँले बताउनुभयो ।

उहाँले भाडामै दुई बिघा जग्गा लिएर स्ट्रबेरी, खरबुजा, ड्रागन फल, कागती, बयर, सितलचिनी खेती गर्नुभएको छ । ठाउँ र जातअनुसार स्ट्रबेरीका बिरुवा हुर्कनसक्ने कृषि ज्ञानकेन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । "फूल फूलेको करिब ३० देखि ४५ दिनभित्र फलको विकास हुन्छ र त्यसको १५ देखि २० दिनपछि फल टिप्न लायक हुन्छ", उहाँले भन्नुभयो, "हिउँदमा फस्टाउने स्ट्रबेरीको वृद्धि विकासका लागि दिनमा २२ देखि २५ डिग्री सेल्सियस र रातमा ७ देखि १३ डिग्री सेल्सियस तापक्रम सबैभन्दा राम्रो मानिन्छ ।"रासस

# बोटसँगै मकै बिक्री भएपछि किसान उत्साहित

**झापा ।** जिल्लाका विभिन्न स्थानमा गाई फार्म सञ्चालक तथा सहकारीले व्यावसायिकरुपमा साइलेस (पौष्टिक तत्व पर्याप्त हुने घाँस)का लागि ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेका मकै बोटसँगै खरिद गरेका छन् । यसरी उत्पादित मकै बोटसँगै बिक्री भएपछि किसान उत्साहित भएका हुन् ।



अर्जुनधारा नगरपालिका-७ का सञ्जय खनाल खेतमा लगाएको मकैले बोटसँगै प्रशस्त आम्दानी दिएपछि उत्साहित हुनुभएको छ । एक बिघा जमिनमा लगाएको मकैमा दाना लागेपछि नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)ले साइलेस बनाउन बोटै खरिद गरेपछि उहाँ उत्साहित हुनुभएको हो । ग्रामीण क्षेत्रका किसान साइलेसका लागि बोटबाटै मकै बिक्री भएपछि भाँच्नु, नङ्ग्याउनु, छोडाउनु र सुकाउनुपर्ने झन्झटबाट मुक्त भएका खनालले बताउनुभयो । उहाँले यसपाली पोलेर खान मिल्ने भएको दुधिलो मकै प्रतिकेजी रु साढे चारका दरले ११ हजार केजी खेतबाट बिक्री गरेको जानकारी दिनुभयो ।

मकै सुकाएर बेच्दा भने जस्तो मूल्य पनि नपाउने र लागत पनि बढी लाग्ने हुँदा हरियो मकै साइलेसका लागि बोटैसँगै बिक्री गरिएको भन्दै यसबाट बढी फाइदा भएको खनालले सुनाउनुभयो । उहाँले अर्को वर्ष मकैखेती विस्तार गर्ने तयारी रहेको बताउनुभयो ।एनएमसीले मेचीनगर नगरपालिका-१४ मा अर्ग्यानिक तरकारी खेतीसँगै उन्नत जातका गाईफार्मसमेत सञ्चालन गर्दै आएको छ ।

सहकारीले १८ लाख केजी मकैको साइलेस बनाउनका लागि धमाधम सूचीकृत भएका किसानको खेतबाटै मकै खरिद गरिरहेको नमूना एकीकृत कृषि फामका संयोजक हिरा पोखरेलले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आफ्नै गाई फार्मका लागि १२ लाख केजी र बिक्री गर्नका लागि छ लाख केजी मकैको साइलेस बनाउने तयारी गरिरहेका छौँ ।" उहाँले मेचीनगर, भद्रपुर नगरपालिका, झापा गाउँपालिका, अर्जुनधारा, विर्तामोड नगरपालिका र बाह्रदशी गाउँपालिकाका किसानले उत्पादन गरेका मकै खरिद गर्ने गरिएको गरेको बताउनुभयो ।

साइलेस घाँसमा पौष्टिक तत्व पर्याप्त हुने गरेकाले पशुको स्वास्थ्यमा पनि कुनै खराबी नहुने मेचीनगर-४ का किसान केदार न्यौपानेले बताउनुभयो । साइलेस खान पायो भने गाईभैँसीले दूध पनि राम्रो दिने उहाँको अनुभव छ ।

साइलेस एकपटक बनाएर वर्षभरि पशुलाई खुवाउन मिल्ने भएकाले पनि गाई किसान यसतर्फ आकर्षित भएका हुन् ।जिल्लामा ४४ हजार दुई सय ५० हेक्टर जमिनमा मकैको व्यावसायिक खेती हुँदै आएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।रासस

# सुन्तलाखेती प्रवर्द्धनमा जोड

**चितवन ।** इच्छाकामना गाउँपालिकाले सुन्तलाखेती प्रवर्द्धनमा जोड दिएको छ । सुन्तलाखेती प्रवर्द्धनका लागि कृषकलाई अनुदानलगायतका विभिन्न कामहरु गर्दै आइरहेका छन् ।



गाउँपालिकाले सुन्तलाखेती गर्न प्रोत्साहनका लागि सुन्तला उत्पादक कृषकहरुलाई अनुदानमा विरुवा, बगैँचा व्यवस्थापनका लागि कृषि सामग्री उपलब्ध गराउँदै आएको छ ।

साथै प्राविधिकहरु बगैँचामै पुगेर सुन्तलामा देखा परेको समस्याहरु पत्ता लगाई निराकरणको उपाय खोजी गर्ने, माटो परीक्षण गराउनेलगायतका काम गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले बताउनुभयो ।

चालु आर्थिक वर्षमा पनि सुन्तलाको विरुवा र कृषि सामग्री वितरण गरिने उहाँको भनाइ छ ।

अध्यक्ष गुरुङले भन्नुभयो, "हामीले सुन्तलाखेती गर्न प्रोत्साहनका लागि कृषकहरुलाई कृषि सामग्री, विरुवाहरु अनुदानमा उपलब्ध गराउँदै आइरहेका छौँ, चालु आर्थिक वर्षमा पनि ५० प्रतिशत अनुदानमा विरुवा वितरण गर्दैछौँ ।" सुन्तला कृषकका लागि बगैँचा व्यवस्थापन गर्न आवश्यक पर्ने औजार ५० प्रतिशत अनुदानका लागि भने कृषकहरुसँग सम्झौताको चरणमा रहेको उहाँको भनाइ छ ।

चालु आर्थिक वर्षमा रु १५ लाख बराबरको सुन्तलाको विरुवा अनुदानमा वितरण गरिने गाउँपालिकाले जनाएको छ । गाउँपालिका कार्यालयले सुन्तलाको बेर्ना अनुदानमा प्राप्त गर्नका लागि निवेदन दिन आग्रह गरेको छ । सुन्तलाखेती प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउन गाउँपालिकाले गत पुसमा तीन दिन सुन्तला महोत्सव समेत सम्पन्न गरेको थियो ।

**यस वर्ष सुन्तला खेतीबाट यहाँ रहेका चार सय ५० भन्दा बढी किसानले रु १० करोड हाराहारीमा आम्दानी गरेको कृषि शाखा प्रमुख त्रिपाठीले बताउनुभयो । किसानले प्रति केजी रु ७० देखि ८० सम्ममा सुन्तला बिक्री गरेका थिए ।**

कृषि शाखा प्रमुख आशीष त्रिपाठीका अनुसार अनुदानका कार्यक्रमहरु सञ्चालनसँगै सुन्तलाखेती गर्ने क्षेत्र बढ्दै गएको छ । चालु आवमा ८० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएको छ । गत आवमा यहाँ ७० हेक्टर क्षेत्रफल सुन्तलाखेती गरिएको थियो । सो आवमा वडा नम्बर ५ मा पाँच हजार एक सय विरुवा अनुदानमा वितरण गरिएको थियो । अनुदानमा विरुवा वितरणपछि सुन्तालाखेती गर्ने क्षेत्र बढेको हो ।

यस वर्ष सुन्तला खेतीबाट यहाँ रहेका चार सय ५० भन्दा बढी किसानले रु १० करोड हाराहारीमा आम्दानी गरेको कृषि शाखा प्रमुख त्रिपाठीले बताउनुभयो । किसानले प्रति केजी रु ७० देखि ८० सम्ममा सुन्तला बिक्री गरेका थिए ।

गाउँपालिकाको वडा नम्बर ३ को तोकदाङ, ढाप, माझगाउँ, सिरनागाउँ, तल्लाडुँडे, र माथिल्लो डुँडे, वडा नं ५ को तामिन, साठिमुरे, ठङरङ, पामडाँडा र वडा नं २ को तल्लो काउलेमा सुन्तला राम्रो उत्पादन हुने गरेको छ ।

यहाँ उत्पादन भएको सुन्तला स्थानीय स्तरमा बिक्री हुनुका साथै नारायणगढ, काठमाडौँ र पोखरालगायत सहरमा समेत जाने गरेको छ ।रासस

# पशुपालनबाट आम्दानी

**अत्तरिया ।** कैलालीको धनगढी उपमहानगरपालिका-६ मटियारीका उमेशराज उपाध्यायले पशुपालनबाट मनग्ये आम्दानी लिन थाल्नुभएको छ । अधिकांश समय गाईभैँसी स्याहार्न, दुहुन र दूध बेच्नमै बित्ने उहाँ बिहान ४ बजेदेखि बेलुकी ६ बजेसम्म पशुपालानमै व्यस्त रहनुहुन्छ ।

विसं २०७६ मा ओमशान्ति बहुउदेश्यीय पशुपन्छीपालन तथा अर्गानिक तरकारीखेती फर्म दर्ता गरेर व्यवसायिक पशुपालनमा लाग्नुभएका उपाध्यायले हाल चार वटा जर्सी तथा होलिस्टिन जातका गाई र एउटा भैँसी पाल्नुभएको छ ।

उहाँले दूध बेचेर मासिक ९० हजार आम्दानी लिने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "दैनिक ३० देखि ३५ लिटर दूध बिक्री गर्छु, दूध प्रतिलिटर रु ९० मा बिक्री हुन्छ ।" चार जनाको परिवारको खर्च दूध बिक्री

गरेकै आम्दानीले धानेको उहाँले बताउनुभयो । दुई छोराको पढाइ खर्च, घर खर्च, गाईभैँसीको दाना, घाँसको खर्च कटाएर वार्षिक आठ लाख बचत गरेको उहाँको भनाइ छ ।" रु नौ लाख ऋण लिएर पाँच वटा भैँसीबाट व्यवसाय सुरु गर्नुभएका उपाध्यायले भैँसीभन्दा गाईपालन सहज हुने भएपछि पछिल्लो समय गाईपालनलाई प्राथमिकता दिनुभएको छ ।

"पहिले एक बिघा जग्गा भाडामा लिएर त्यहीँ गोठ बनाएर व्यवसाय सुरु गरेको थिएँ", उहाँले भन्नुभयो, "अहिले आफ्नै जग्गामा गोठ बनाएको छु । घाँसका लागि वार्षिक एक लाखमा एक बिघा जग्गा भाडामा लिएको छु ।"

कोरोनाले आफूलाई कृषक बनाएको उपाध्याय बताउनुहुन्छ । "मैले पहिले धनगढीमै फोटोकपी, प्रिन्ट, इमेल, इन्टरनेट सेवासहितको पसल राखेको थिएँ । कोरोनापछि पसलको भाडा तिर्न नसकिने अवस्था आयो र घरखर्च चलाउन सकिएन", उहाँले भन्नुभयो, "त्यसपछि मैले कृषिमा लाग्नुपर्छ भन्ने सोच बनाएर पशुपालनमा लागेँ, अहिले आम्दानी पनि राम्रै छ ।"उहाँले गाईपालनसँगै स्थानीय जातका कुखुरापालन र तरकारीखेती पनि गर्नुभएको छ । ३५ वटा स्थानीय जातका कुखुरा पाल्नुभएको छ । सरकारले घाँसको बीउ समयमै उपलब्ध गराइदिए र औषधिको व्यवस्था गरिदिए गाईपालन अझै सहज हुने उहाँको भनाइ छ ।

# नेप्से परिसूचकमा १६ दशमलव ८२ अङ्कको गिरावट

**काठमाण्डु ।** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक १६ दशमलव ८२ अङ्कले घटेर दुई हजार छ दशमलव ५२ को बिन्दुमा कायम भएको हो ।

सोमबार तीन सय १४ कम्पनीका ७२ लाख २३ हजार सात सय ७३ कित्ता शेयर ५० हजार पाँच सय २४ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ७९ करोड ७५ लाख ७७ हजार चार सय ३२ बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा धेरै वित्त समूह एक दशमलव ६४, उत्पादन तथा प्रशोधन एक दशमलव ५९ र होटल तथा पर्यटन समूह एक दशमलव १५ प्रतिशतले घटेको छ ।

माछापुच्छ्रे डिबेञ्चर २०८७ को शेयर मूल्य सात दशमलव ०९ र मेन्छियाम हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ०५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

# निजामती सेवा सम्बन्धी विधेयकको विरोध




टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामकाप्रमुख राजनीतिक दलका नेताहरुले हाल संघीय संसदमा विचाराधीन रहेको निजामती सेवा सम्बन्धी विधेयक एकात्मक राज्य चरित्रको कर्मचारीतन्त्रलाई निरन्तरता दिने षडयन्त्र भन्दै कडा विरोध गरेका छन् ।

नेपाल पत्रकार महासंघ, धनुषामा सोमबार पत्रकार सम्मेलन गरी उनीहरुले नेपालको संविधानमा रहेको शक्तिको बाँडफाँट र अनुसूची ६ मा निजामती कर्मचारीको सम्बन्धमा प्रदेशलाई दिइएको अधिकार सम्बन्धी धाराहरु १०९, २३१ को (३), ३०४ को व्यवस्था र अन्तर्भाव को ठाडो उल्लंघन रहेको उनीहरुले बताए । विरोध गर्नेहरुमा तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेश चन्द्र लाल, नेपाली कांग्रेसका नेता र मधेश प्रदेश सभा सदस्य रामसरोज यादव तमलोपाका वरिष्ठ नेता संविधान सभा सदस्य डा. विजय कुमार सिंह, नेकपा(एस)का नेता संविधान सभा सदस्य शीतल झा, वामपन्थी बुद्धिजीवी रोशन जनकपुरी तथा नेपाली कांग्रेसका नेता जीवनाथ चौधरी रहेका छन् ।

पत्रकारहरुलाई सम्वोधन गर्दै तमलोपाका अध्यक्ष लालले संविधान, संघीयताको मर्म र भावना विपरीत संघीय, प्रादेशिक, पालिकाको प्रशासनिक व्यवस्थाको केन्द्रीयकरण गर्ने षडयन्त्र रचिएको बताउँदै यस विधेयकले कर्मचारी तन्त्रमा हुनु पर्ने वांछित परिवर्तन असम्भव हुने दावी गरे । लालले यसबारे संघीयता र समावेशितावादी किन मौन छन् भन्ने प्रश्न उठाउँदै मधेश, थरुहट र पछाडि पारिएकाहरुको तर्फबाट प्रतिनिधित्व गर्नेहरू जनताप्रति बैइमानी रहेको आरोप लगाए ।

त्यस्तै प्रदेशसभा सदस्य राम सरोज यादवले विधेयकको दफा ३ मा सम्पूर्ण निजामती सेवाको केन्द्रीय निकाय संघीय मन्त्रालय हुने भनेको प्रावधान प्रदेशको अधिकारको उल्लंघन हो भन्दै प्रदेशका मुख्य सचिव संघीय निजामती सेवाबाट आउने र सचिव पनि १० वर्षसम्म प्रदेशले नियुक्त गर्न नपाउने षडयन्त्र रहेको भन्दै यसले स्वशासनको सम्पूर्ण धारणा नै तोड्ने कार्य गरेको बताए ।

संविधान सभा सदस्य डा. विजय कुमार सिंहले प्रवेश बिन्दुमै धूर्ततापूर्ण षडयन्त्र गरिएको बताए । एउटा समूहको लागि सीट प्रतिस्पर्धामा आउन नसकेको बहानामा पुनः अन्यमा फर्काउने प्रावधान वर्तमान एकल चरित्रलाई बनाइराख्ने जुक्ति रहेको बताए। आरक्षण विशेषाधिकार हो त्यसकारण समूहको आरक्षित सीट सदैव त्यसै समूहमा रहनु पर्दछ र त्यसमा उत्तीर्ण हुने न्यूनतम अंक घटाएर समावेशितालाई प्रभावकारी बनाउनु पर्ने बताए ।

वामपन्थी बुद्धिजीवी र विश्लेषक रोशन जनकपुरीले कर्मचारीतन्त्रलाई स्थायी सरकार बताउँदै देश भ्रष्टाचारमा चुर्लुम्म डुबिनुमा भ्रष्ट कर्मचारीतन्त्र प्रमुख कारण रहेको बताए । उनले यस विधेयकले केन्द्रीय पकड रही रहने र कर्मचारीतन्त्रमा कुनै मौलिक परिवर्तन न हुने बताए ।

उनीहरुले निजामती सेवा सम्बन्धी वर्तमान विधेयक फिर्ता लिइ सर्वपक्षीय संयन्त्र निर्माण गरी प्रशासनिक संरचनाका विज्ञहरुसंग परामर्श लिइ संविधानको व्यवस्था, संघीयता, समावेशिताका भावना र मर्ममा आधारित कर्मचारीतन्त्र निर्माणको निमित्त नयाँ विधेयक ल्याउन माग गरे ।

## पेट्रोल, डिजल र मट्टीतेलको मूल्य बढ्यो




टुडे समाचारदाता

३ वैशाख, काठमाडौं । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ ।

भारतबाट मूल्य बढेर आएको भन्दै निगमले पेट्रोल, डिजल र मट्टीतेलको मूल्य बढाउने निर्णय गरेको हो ।

निगम सञ्चालक समितिको बैठकले पेट्रोल, डिजल र मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँको दरले मूल्य बढाउने निर्णय गरेको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए ।


बढेको मूल्य मंगलबार बिहान १ बजेदेखि लागू हुनेछ ।

मूल्य वृद्धि भएसँगै पहिलो वर्ग अन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज क्षेत्रमा एक लिटर पेट्रोलको मूल्य १७२ रुपैयाँ ५० पैसाबाट १७५ रुपैयाँ ५० पैसा पुगेको छ ।

यसैगरी दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ क्षेत्रमा एक लिटर पेट्रोलको मूल्य १७४ रुपैयाँ ५० पैसाबाट १७७ रुपैयाँ कायम भएको छ ।

यस्तै तेस्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा एक लिटर पेट्रोलको मूल्य १७५ रुपैयाँबाट १७८ रुपैयाँ पुगेको छ।

यसैगरी डिजल र मट्टीतेल एक लिटरको मूल्य क्रमशः १५८, १६० र १६१ रुपैयाँ प्रतिलिटर कायम भएको छ ।









जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८